मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

WANTED

We are looking for energetic, enthusiastic, self motivated and experienced candidate for the following posts

* Pre Primary -1 | +2 Passed Montessori trained
* Primary - 1| English

Qualification: Minimum Bachelor Running

* Lower Secondary -2 | Tuition Teacher

Qualification: Bachelor Degree

Apply immediately with handwritten application


* आया दिदी - १ (साधारण लेखपढ । पकाउन जान्ने)

Learners' Academy
Secondary School
Ph: 6612496 / 9841271637
learners.edu@hotmail.com

★ वर्ष : २८ ★ अङ्क : ९१ ★ ने. सं. ११४६ वछला थ्व, अष्टमी ★ शुक्रबार ★ ११ वैशाख, २०८३ ★ April 24, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## चीनद्वारा जापानको 'नयाँ प्रकारको सैन्यवाद' को विरोध

पेइचिङ, १० वैशाख (सीआरआई)। जापानको 'पुन:सैन्यीकरण' ले अर्को खतरनाक कदम अगाडि बढाएको छ । जापान सरकारले मन्त्रिपरिषद्को निर्णय पारित गरेर 'रक्षा उपकरणको स्थानान्तरणका लागि तीन सिद्धान्त' र यसको प्रयोग निर्देशिका औपचारिक रूपमा संशोधन गरेको छ,




जसले सिद्धान्तमा घातक हतियारको निर्यातलाई अनुमति दिनेछ । यसले पहिला हतियारको निर्यातलाई गैर-युद्ध प्रयोगका पाँच श्रेणीमा सीमित गर्ने पक्षलाई तोडेको छ, जसले जापानको सुरक्षा नीतिमा ठुलो परिवर्तन भएको देखाएको छ । जापानी जनतालगायत अन्तर्राष्ट्रिय जगतले यसको कडा विरोध व्यक्त गरेका छन् ।

चिनियाँ परराष्ट्र मन्त्रालयले जापानको 'नयाँ प्रकारको सैन्यवाद' को दृढतापूर्वक विरोध गर्ने बताएको छ । दक्षिण कोरियाली विदेश मन्त्रालयले जापानको रक्षा नीति 'शान्तिपूर्ण संविधान' को भावनालाई पालना गर्दै क्षेत्रीय शान्ति र स्थिरताका लागि सहभोगी दिशामा विकसित हुनुपर्ने कुरा व्यक्त गरेको छ । रुसी उपविदेश मन्त्री अन्ड्रेई रुडेन्कोले जापानको 'पुन:सैन्यीकरण' को निरन्तर प्रवर्धनले एसिया-प्रशान्त क्षेत्रको स्थिरतामा नकारात्मक प्रभाव पारेको र छिमेकी देशहरूको सुरक्षा हितलाई प्रत्यक्ष क्षति पुऱ्याएको औँल्याउनुभएको छ ।

वर्तमान विश्वको परिवर्तन द्रुतगतिमा हुँदै छ, विश्वव्यापी र क्षेत्रीय तातो विवाद निरन्तर भइरहेका छन् । जापानले घातक हतियारको निर्यात प्रतिबन्ध तोडेपछि विश्वव्यापी हतियार निर्यात बजारमा आफ्नो हिस्सा विस्तार गर्न खोज्नेछ । अन्तर्राष्ट्रिय विवादमा भाग लिन उसले मिसाइल, बख्तरबन्द गाडी, युद्धपोतलगायत आक्रामक उपकरणको निर्यातलाई बढाउने छ । यसले क्षेत्रीय सुरक्षा व्यवस्थाको सन्तुलन बिगार्ने, हतियारको प्रतिस्पर्धालाई तीव्र पार्ने र विश्व शान्ति र सुरक्षालाई खतरामा पार्नेछ ।

जापानले यस क्षेत्र र विश्वमा गहिरो विपत्ति ल्याएको थियो । अब उसले आफ्नो पूर्ण रूपमा ढाँचा फोडेर 'पुन:सैन्यीकरण' लाई तीव्र बनाएको छ । अन्तर्राष्ट्रिय जगत, विशेषगरी छिमेकी देशहरूले यसमा उच्च सतर्कता कायम राख्नुमात्र होइन, जापानको 'नयाँ सैन्यवाद' को दृढताका साथ प्रतिरोध गर्न, जापानलाई युद्ध संयन्त्र पुन: सुरु गर्न कहिल्यै नदिन र संयुक्त रूपमा क्षेत्रीय र विश्व शान्ति कायम गर्न हातेमालो गर्नुपर्छ ।

अप्रिल १७ मा जापानी समुद्री आत्मरक्षा बलको विध्वंसक जहाज थाइवान जल डमरू पार गरेर लगभग १४ घण्टा घुमेको थियो । यो तथाकथित 'स्वतन्त्र नौवहन' होइन, तर जापानले युद्धपछिको आफ्नो प्रतिबद्धता उल्लङ्घन गर्ने, चीन-जापान सम्बन्धको राजनीतिक आधारलाई चुनौती दिने र 'नयाँ सैन्यवाद' लाई प्रवर्द्धन गर्ने जानाजानी उक्साहट हो । चिनियाँ जनमुक्ति सेनाले त्यसको पूर्ण अनुगमन, निगरानी तथा सतर्कता र प्रभावकारी नियन्त्रण गरेको थियो । जसले थाइवान जल डमरूको समग्र अवस्थालाई नियन्त्रण गर्ने क्षमता र स्थितिलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने दृढता प्रदर्शन गर्दछ । चीनले जापानलाई गम्भीर वार्ता र कडा विरोध गरेको थियो ।

सुरुदेखि नै जापानी जहाजको कार्यसँग राजनीतिक चाल र सैन्य उक्साहट विद्यमान छ । समयको सन्दर्भमा, १३१ वर्षअघिको अप्रिल १७ मा जापानले चीनविरुद्ध आक्रमण गरेबाट छिङ वंशको सरकारलाई सन्धिमा हस्ताक्षर गर्न बाध्य बनाएर थाइवान र पेङ्हु टापुहरूमा आक्रमण गरेको थियो । जापानी विध्वंसकले यस दिनमै थाइवान जलडमरू पार गर्ने गतिविधिमा यो संवेदनशील नोडको प्रयोग गरेर घटना सिर्जना गर्ने र चिनियाँ जनताको भावना भङ्ग गर्ने साथै 'थाइवान स्वतन्त्रतावादी' शक्तिलाई समर्थन गर्ने र एसिया-प्रशान्त क्षेत्रमा आफ्नो सैन्य उपस्थितिलाई बलियो बनाउने मनसाय पाल्दै आएको छ ।

ताकाइची सानाए शासन सत्तामा आएपछिका घटनाहरूबाट हेर्दा जापान सरकारले थाइवान मामिलामा आफ्नो प्रतिबद्धता उल्लङ्घन र चीन-जापान सम्बन्धको राजनीतिक जगलाई गम्भीर रूपमा प्रभावित गरेको छ, र जापानको 'नयाँ सैन्यवाद' पूर्ण रूपमा पुनर्जीवित भइरहेको छ । यो सैन्य विस्तारको विचारले जापानको सबै तहमा प्रवेश गरेर एसिया-प्रशान्त क्षेत्रको लागि वास्तविक खतरा खडा गरेको छ । जापानी जनमतलगायत अन्तर्राष्ट्रिय जगतले त्यसप्रति कडा चिन्ता व्यक्त गरेका छन् ।

करिब ८० वर्षअघि जापानी

बाँकी पृष्ठ ८ मा

## भक्तपुरको शैक्षिक गुणस्तर माथि उठ्नुमा प्राध्यापकहरूको महत्त्वपूर्ण योगदान



भक्तपुर, १० वैशाख । "भक्तपुरको शैक्षिक गुणस्तर माथि उठाउनमा प्राध्यापकहरूको महत्वपूर्ण योगदान छ ।"

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उच्च शिक्षाको वर्तमान अवस्थाबारे छलफल गर्न भक्तपुर नगर भित्र सञ्चालनमा रहेका कलेजका प्राचार्यहरूको बिहीबार भएको भेलामा उक्त विचार व्यक्त गर्नुभएको हो ।

उहाँले शिक्षा विज्ञहरूको सल्लाह सुझावअनुसार भक्तपुर नगरपालिकाले शैक्षिक गुणस्तर कायम गर्न कोसिस गरिरहेको बताउँदै भक्तपुर ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास हुँदै छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "प्राध्यापकहरूले आ-आफ्नो विज्ञताअनुसार अध्यापन गर्दा भक्तपुरको शिक्षा तुलनात्मकरूपमा राम्रो भयो । भक्तपुर शैक्षिक क्षेत्रमा धेरैको आकर्षणको केन्द्र बन्दै छ । विद्यार्थीहरूको उज्ज्वल भविष्यको लागि अनुशासित र मिहेनती बनाउन सिकाउनुपर्छ ।"

बैठकमा इवामुरा कलेज अफ हेल्थ साइन्सका कलेज कोअर्डिनेटर शैलेन्द्र प्रकाश बुढाथोकी, मोर्डन कलेजका प्राचार्य अनिल कसपाल, ख्वप कलेजका प्राचार्य प्रकाश श्रेष्ठ, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुजन माक, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुनिल दुवाल, ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य, ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारी, वागीश्वरी कलेज अफ मेनेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छा, वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ र ख्वप बहुप्राविधिक अध्ययन संस्थानका विभागीय प्रमुख ईश्वरी डङ्गोलले कलेजहरूमा विभिन्न तहमा सञ्चालन गरिरहेको कार्यक्रम र विद्यार्थी सङ्ख्याको विषयमा जानकारी दिँदै हप्तामा ६ दिन कक्षा सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

## गृहमन्त्री गुरुङको राजीनामाको कारण आर्थिक कारोबार

काठमाडौं, १० वैशाख । झन्डै दुईतिहाइ बहुमत प्राप्त रास्वपाको सरकारमा रहेका दुई मन्त्रीले सरकार गठनको एक महिना नपुग्दै राजीनामा दिए । यसमध्ये पछिल्लोपटक राजीनामा दिने गृहमन्त्री सुधन गुरुङ हुन् । मन्त्रीको यो राजीनामा राजीखुसीले होइन कैफियत भएर दिइएको हो । कुनै कैफियत भएकै कारण यसअघि पनि अन्य गृहमन्त्रीहरूले राजीनामा दिएका थिए । सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा रहेका व्यवसायीसँग व्यापारिक साझेदारी, सम्पत्ति स्रोतबारे स्पष्ट जानकारी नदिंदा गृहमन्त्री गुरुङ विवादको घेरामा परेका हुन् । जनदबाब बढेपछि उनी राजीनामा दिन बाध्य भएका हुन् ।

महिना दिन नबित्दै राजीनामा दिन बाध्य परेको घटनाले रास्वपाका सांसद या मन्त्रीहरू कस्ता स्वभाव र चरित्रका हुन् ? उनीहरू सांसद हुनुभन्दा अघि के कस्तो पेसा या व्यवसायमा लागेर कसरी अकुत सम्पत्ति कमाउँदा रहेछन् भन्ने थाहा हुन्छ । राजनीति गरेर देश र जनताको सेवा गर्नुको सट्टा व्यापार, व्यवसाय र अन्य काम गरेर अकुत सम्पत्ति कमाउन पल्केका व्यक्तिहरू चुनावको राजनीतिमा होमेर निर्वाचित भएपछि परिणाम राम्रो होला भन्ने आशा गर्ने ठाउँ छैन । बिहीबार प्रकाशित विभिन्न समाचारपत्रहरूमा पत्रिकाको पहिलो पृष्ठमै विभिन्न टिप्पणीसमेतको समाचार छापियो । पत्रपत्रिकामा 'गृहमन्त्रीबाट २७ दिनमै बाहिरिए गुरुङ', कसैलाई छाड्दिन भन्थे, आफै छानबिनमा परे', 'सकसपूर्ण १२ घण्टा, २७ दिनमै गृहमन्त्रीबाट राजीनामा', 'किन सधैँ विवादमा परिरहन्छन् गृहमन्त्रीहरू ?', 'दबाबपछि गृहमन्त्रीको राजीनामा', 'गृहमन्त्री सुधन गुरुङका २८ दिने : अप्रत्याशित आगमन, आक्रामक कदम, विवादित बहिर्गमन' आदि शीर्षकका समाचार छापिए ।

आफ्नै बुबालाई पनि छाड्दिन्न भनी कसम खाएका सुधन गुरुङ आफै फन्दामा परे । गृहमन्त्री गुरुङले नैतिकताको आधारमा भन्दा जनदबाब र सामाजिक सञ्जालले उनको बारे सार्वजनिक गरेको विषयवस्तुको उत्थानको कारण राजीनामा दिन बाध्य भएको हो । गृह प्रशासन सम्हालेको छोटो अवधिमै राजीनामा दिनुको पछाडि आर्थिक आरोप मुख्य कारण देखिएको छ । स्मरणीय छ, गुरुङ चैत १३ गते गृहमन्त्री भएका थिए ।

यसअघि आफ्नो श्रीमतीलाई स्वास्थ्य बीमा बोर्डको सदस्यमा निरन्तरता दिने विवादित निर्णयका कारण श्रममन्त्री दीपककुमार साहको मन्त्री पद गुमेको थियो । पूर्वमन्त्री साहमाथि पनि आर्थिक अनियमितता गरिएको आरोप लागेको थियो । यसले सरकारमा रहने व्यक्ति विवादरहित हुनुपर्छ भन्ने रास्वपको सन्देशमा चोट या दाग लागेको छ । यसरी नै अरु निर्वाचित सांसदहरूको छानबिन भएमा को को कहाँ कहाँ फसेका छन् भनी पर्गेल्ने काम भएमा कैफियत भएका सांसदहरू देखापर्ने छन् ।

## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ८

**प्रहरी वृत्त मालीगाउँका प्रहरी नायब उपरीक्षक सुनिलजङ शाह :** २०८२ भदौ २३ गते म बिहान ९:०० बजेबाट बालुवाटार क्षेत्रको सुरक्षा जिम्मेवारीमा थिए र दिउँसो १:०० बजेपछि थापागाउँ तथा बानेश्वर क्षेत्रतर्फ ड्युटीमा खटिएँ ।

भदौ २३ र २४ का घटनामा घुसपैठको सम्भावना शङ्कास्पद रहेको, समन्वय अभाव, पुरानो हतियार, गोला-बारुद र तालिमको कमीले चुनौती थपिएको थियो ।

**प्रहरी वृत्त गौशालाका प्रहरी नायब उपरीक्षक शुकदेव खनाल :** भदौ २४ गते म बिहान ८:३० बजे नयाँ बानेश्वर पानी ट्याङ्की क्षेत्रमा खटिएको थिएँ । भिड संसद् परिसरतर्फ २ नं गेटबाट प्रवेश गरेपछि संसद् परिसरभित्र रहेको नेपाली सेनाका जनशक्तिसहितका चारवटा ट्रक पाँच मिनेटमै सम्पूर्ण टोलीसहित गेटबाट बाहिर निस्किएको दृश्य देखेकोले यसलाई अत्यन्तै आश्चर्यजनक र मनोबल गिराउने घटना भएको अनुभव भयो । सेना र एपीएफ नै भिड नियन्त्रणको लागि पछाडि हटेपछि प्रहरी मात्र गेटमा बाँकी रहेकोले भिड संसद् भवनभित्र प्रवेश गर्न सफल भयो । सोही दिन राति ३:३० बजेपछि त्रिभुवन विमानस्थल सेनाको ग्यारेजमा पुगी सुरक्षणमा रहेकाले परिस्थितिको भयावहता महसुस गरेँ ।

सशस्त्र प्रहरी र नेपाली सेनाबाट २४ गते प्रभावकारी समर्थन नपाएको, दुवै निकायले समन्वयित रूपमा साथ नदिएको र कतिपय अवस्थामा प्रहरीभन्दा अगाडि नै साइड लागेकाले स्थिति नियन्त्रण हुन नसकेको बुझाइ छ ।

मादक पदार्थ सेवन गरेका र आपराधिक तत्त्व मिसिएको देखिएकाले जेनजी मात्र होइन, घुसपैठ भएको सम्भावना निकै उच्च रहेको निष्कर्ष छ ।

### व्यङ्ग्यचित्र कुनो





**रातो मच्छिन्द्रनाथको रथ सुनधारातर्फ लगिँदै**

वर्षा र सहकालका देवता रातो मच्छिनाथको रथ मङ्गलबजारबाट तानेर तेस्रो दिन बिहीबार अपराह्न सुनधारातर्फ लगिँदै । सबैभन्दा लामो जात्राको रूपमा रहेको मच्छिन्द्रनाथको रथ जात्रा पहिलो दिन पुल्चोकबाट गावहालसम्म, दोस्रो दिन गाबहालबाट मङ्गलबजारसम्म र आज तेस्रो दिन मङ्गलबजारबाट सुनधारासम्म पुऱ्याउने परम्परा रहेको छ । सुनधाराबाट लगनखेल हुँदै जावलाखेल पुऱ्याउने र जावलाखेलमा भोटो देखाइसकेपछि जात्रा सम्पन्न हुनेछ । *तस्बिर: रत्न श्रेष्ठ/रासस*

# काठमाडौँमा वायु प्रदूषण बढ्यो : एक्युआई

काठमाडौँ, १० वैशाख । काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढ्न थालेको छ । वर्षात् भएसँगै सुधार देखिएको वायु गुणस्तर अचानक खस्किँदै 'धेरै अस्वस्थ' तहमा पुगेको छ ।

एयर क्वालिटी इन्डेक्स (एक्युआई)का अनुसार मङ्गलबार दिउँसो करिब ९२ को हाराहारीमा रहेको वायु गुणस्तर सूचकाङ्क बिहीबार बिहान ११:०० बजेसम्म बढेर २४७ पुगेको छ । यो स्तर 'धेरै अस्वस्थ' श्रेणीमा पर्छ, यसले सर्वसाधारणको स्वास्थ्यमा असर पार्न सक्ने जनाइएको छ ।

एक्युआईको मापदण्डअनुसार ०-५० सम्म 'राम्रो', ५१-१०० 'मध्यम', १०१-१५० 'अस्वस्थ', १५१-२०० 'सबैका लागि अस्वस्थ', २०१-३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ । वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार वर्षा नहुनु, बढ्दो सुक्खा, कृषि अवशेष जलाउने प्रवृत्ति तथा वन डढेलोका घटनाले वायु प्रदूषण बढाउन मुख्य भूमिका खेलेका छन् । "अहिले वर्षा नभएर सुक्खा बढ्दो अवस्थामा छ, यसले धुलो र धुवाँ वायुमण्डलमा थुप्रिन सहयोग गरेको छ", उहाँले भन्नुभयो, "वर्षा भएमा हावामा रहेका कणहरू जमिनमा बस्छन् र प्रदूषण घट्छ, तर अहिले त्यो अवस्था छैन ।"

उहाँका अनुसार सम्बन्धित निकायलाई दिगो तथा वातावरणमैत्री विकासका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरिएको छ ।

यस्तै, जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनले आगामी तीन दिनसम्म उल्लेखनीय वर्षाको सम्भावना नरहेको र तापक्रम अझै बढ्ने सङ्केत देखिएको जानकारी दिनुभयो । "वर्षा नहुँदा वायुमण्डल सफा हुन सक्दैन, जसले प्रदूषण थप बढाउने सम्भावना रहन्छ", उहाँले भन्नुभयो ।

विशेषगरी वायु प्रदूषणको असर बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वास र मुटु रोगीलाई पर्ने जनाइएको छ । अत्यावश्यकबाहेक बाहिर ननिस्कन, मास्क प्रयोग गर्न र धुलो-धुवाँबाट जोगिन सुझाइएको छ । ***(रासस)***

# 'शैक्षिक अनुभव' पूर्णाङ्क १८ को विमोचन

भक्तपुर, १० वैशाख । सेवा निवृत्त शिक्षक समाज भक्तपुरको अर्धवार्षिक प्रकाशन 'शैक्षिक अनुभव' पूर्णाङ्क १८ को विमोचन तथा नव वर्ष २०८३ को शुभकामना आदानप्रदान कार्यक्रम स्थानीय सिद्धिगणेश हल, खँचामा बुधबार सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा 'शैक्षिक अनुभव' पूर्णाङ्क १८ विमोचन गर्दै उहाँले संसारमा धेरै बिदा भएका देशहरूमध्येको नेपालमा थप आइतबार बिदा दिने सरकारी निर्देशनले देशको शैक्षिक गुणस्तरमा ह्रास आउने हुँदा भक्तपुर नगरपालिकाले उक्त निर्देशन नमानेको प्रस्ट्याउनुभयो ।

साताको दुई दिन बिदा दिने सरकारी निर्देशन नमान्ने पालिकालाई कारबाही गर्ने भनी दिएको चेतावनीको जवाफ दिँदै उहाँले भन्नुभयो, "संविधानतः मा.वि. तहसम्मको अधिकार स्थानीय तहको हुँदा त्यसलाई खोस्ने प्रयासस्वरूप उक्त निर्देशन दिएको हो, त्यो हामी मान्दैनौँ ।"

सुशासनको दाबी गर्ने सरकारले संविधान, ऐन, नियमभन्दा निर्देशनको आधारमा शासन चलाउन खोज्नु उचित नभएको बताउँदै उहाँले नयाँ जोगीले धेरै खरानी घसेजस्तै वर्तमान सरकार हतार हतारमा धेरै काम गर्न खोज्दै छ तर ढङ्ग नपुगेको सर्वत्र अनुभव गर्न थालिएको छ भन्नुभयो ।

सर्वत्र बेढङ्ग विकृति विसङ्गतिको कालो बादल भए पनि चाँदीको घेराजस्तै सेवा निवृत्त शिक्षक समाजले अवकाश लिएका शिक्षकहरूको अनुभवको सँगालो नियमित रूपमा प्रकाशित भइरहनु आफैमा उत्साहको विषय हो उहाँले भन्नुभयो ।

उहाँले पुरानो पुस्ताले भोगेर कमाएको ज्ञान नयाँ पुस्ताको लागि प्रेरणाको स्रोत हुनसक्ने चर्चा गर्दै पछिल्लो समय आफूले तिब्बतको सिन्च्याङको भ्रमण गर्दा देखेको समाजवादी अभ्यासको वर्णन गर्नुभयो ।

कार्यक्रममा सार्वजनिक मा.वि. भक्तपुरको संयुक्त परीक्षा समितिका अध्यक्ष रोशनराज तुईतुईले वर्तमान सरकार नभत्काई निर्माण हुँदैन भन्दै विनायोजना जतातत्तै भत्काउँदै हिँडेको चर्चा गर्दै नेपाललाई फिनल्यान्ड र डेनमार्कसँग दाँजेर साताको दुई दिन बिदा दिनु उचित नभएको तर्क गर्नुभयो ।

समाजका अध्यक्ष अम्बिकामान मानन्धरको सभापतित्वमा भएको उक्त कार्यक्रममा समाजका संस्थापक अध्यक्ष नाति कवां र 'शैक्षिक अनुभव' का प्रधानसम्पादक ज्ञानसागर प्रजापतिले पनि समाजका गतिविधि र पूर्णाङ्क १८ मा समेटिएका विषयबारे जानकारी दिनुभएको थियो ।

कार्यक्रमको सुरुमा उपाध्यक्ष रामगोपाल कर्माचार्यले स्वागत र सदस्य धीर्जबहादुर कायष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा तुल्सीराम ग्वाछाले पनि बोल्नुभएको थियो ।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धिको प्रभाव दरवाङ–मुना–ढोरपाटन सडक निर्माणमा

म्याग्दी, १० वैशाख । म्याग्दीको रणनीतिक महत्त्वको दरवाङ-मुना-ढोरपाटन सडक योजना निर्माण सुस्ताएको छ । मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि धौलागिरिको केन्द्र मुना जोड्ने सडकलाई कालोपत्र र ढलान गरेर स्तरोन्नति गर्न गण्डकी प्रदेश र सङ्घीय सरकारको साझेदारीमा सञ्चालित योजनाले गति नलिदा स्थानीयवासी चिन्तित भएका छन् ।

मध्यपहाडी लोकमार्गको बागलुङ-काँक्री खण्डको वैकल्पिक मानिएको म्याग्दीदेखि ढोरपाटन हुँदै पूर्वी रुकुम जोड्ने सडक निर्माण पछिल्लो एक महिनायता सुस्त बनेको धौलागिरि-३ मुनाका अगुवा बुद्धिमान शेरपुञ्जाले बताउनुभयो ।

"यस वर्ष रु. २३ करोड बजेट भएको यस योजनाको हालसम्म जम्मा रु. पाँच/छ करोड बराबरको काम गरेका ठेकेदारले पछिल्लो एक महिनायता मजदुर र उपकरणको सङ्ख्या घटाएर न्यून बनाएका छन्", उहाँले भन्नुभयो, "दुई वर्षमा सम्पन्न गर्नुपर्ने योजना निर्माणले गति नलिँदा अलपत्र पर्ने जोखिम बढेको छ ।"

गण्डकी प्रदेशमार्फत म्याग्दीमा भित्रिएको हालसम्मका मध्ये सबैभन्दा ठूलो र धेरै बजेटको यस योजनामार्फत दरवाङ-धारापानी (सात किलोमिटर) र मच्छिम-मुना (चार किलोमिटर) अक्सफाल्ट प्रविधिको कालोपत्र र ढलान हुनेछ ।

प्रशासनिक खर्चबाहेक रु. ६७ करोड लागत अनुमान गरिएको योजना कार्यान्वयनका लागि रु. ५२ करोड ८० लाख ५३ हजार कबोलेको निर्माण कम्पनीसँग २०८२ असार ११ गते ठेक्का सम्झौता भएको थियो । विसं २०८२ कार्तिक महिनादेखि कार्यक्षेत्रमा परिचालन भएको ठेकेदार कम्पनीले हालसम्म करिब १० प्रतिशत मात्र भौतिक प्रगति भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर डा. महेन्द्र बानियाँका अनुसार इन्धन र निर्माण सामग्रीको मूल्य वृद्धिको कारण देखाएर ठेकेदारले निर्माण कार्यको गति घटाएका हुन् । "सबैभन्दा धेरै बजेट भएको दरवाङ-मुना-ढोरपाटनको प्रगति नहुँदा बजेट खर्च नहुने र अन्य बहुवर्षीय आयोजनामा काम गरेका व्यवसायीले भुक्तानी नपाउने समस्या देखिएको छ", उहाँले भन्नुभयो, "इन्धन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धिले ठेकेदारलाई काम लगाउन समस्या भएको हो ।"

सङ्घीय र प्रदेश सरकारको ( समपुरक) ५०/५० प्रतिशत लागत साझेदारी रहने यस योजनाको ठेक्का अवधी २७ महिनाको हो । सङ्घीय र प्रदेश सरकारले आर्थिक वर्ष २०८१/०८२ मा रु. २४ बजेट विनियोजन गरेको यस योजनाका लागि चाालु आर्थिक वर्ष २०८२/०८३ मा रु. २३ करोड २२ लाख बिनियोजन भएको छ ।

आगामी आवसम्म योजना निर्माण पूरा नभएमा सङ्घीय सरकारले बजेट नपठाउने र प्रदेश सरकारलाई व्ययभार थपिनेछ । विसं २०७१ मा मुनामा सडक पुगेको थियो । कच्ची अवस्थामा रहेको सडक गाउँपालिकाले मर्मत गरेर यातायात सञ्चालनको व्यवस्था मिलाएको थियो ।

म्याग्दीको मङ्गला मालिका, धौलागिरि गाउँपालिकाका साथै बागलुङको ढोरपाटन र पूर्वीरुकुमका बासिन्दालाई पोखरा-काठमाडौँ जावतजावत गर्न ५० किलोमिटर छोटो पर्छ । म्याग्दी १(ख) बाट निर्वाचित प्रदेश सांसद रेशमबहादुर जुग्जालीले रणनीतिक महत्त्वको सडक निर्माणमा देखिएको ढिलाइप्रति चिन्ता ब्यक्त गर्दै प्रदेश सरकारको ध्यानाकर्षण र स्थानीयस्तरमा कामको गति बढाउन सहजीकरण गरिएको बताउनुभयो ।

उक्त सडकअन्तर्गतको धौलागिरि गाउँपालिका-७ धारापानीबाट ताकम हुँदै झिनडाँडा खण्डको छ किलोमिटर दूरीको सडक कालोपत्र, ढलान र ग्राभेलका लागि आर्थिक वर्ष २०८०/०८१ मा रु. १४ करोड ६१ लाख ६१ हजारमा ठेक्का सम्झौता भएको थियो ।

निर्माण कम्पनीका सञ्चालक भीम सापकोटाले इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुत योजना सम्पन्न गराउन लागिएको बताउनुभयो । मुना हुँदै मरेनीबाट जलजला- ढोरपाटन हुँदै पूर्वी रुकुमको तकसेरा जोड्ने सडकको मार्ग खुलिसकेको छ । बेनीदेखि तालावाङसम्म १८ किलोमिटर कालोपत्र भएको छ ।

# पब्लिक कम्पनीको कोषमा सेयर खेलाडीहरूको रजाइँ

काठमाडौँ, १० वैशाख ( सेतोपाटी) । केही दिनअघि बाहिरिएको धितोपत्र बोर्डको एक प्रतिवेदनले विवादित व्यवसायी दिपक भट्ट र उनीसँग सम्बद्धहरूले मिलेमतोमा सेयर किन्ने र मूल्य बढाउने गरेको निष्कर्ष निकाल्यो ।

मिलेमतोमा सेयर किन्ने र मूल्य बढाउने मात्र होइन, यो प्रतिवेदनले औँल्याएको सबभन्दा गम्भीर विषय पब्लिक कम्पनीहरूको कोषको रकम दुरूपयोग हो ।

भट्टले ३ अर्ब ८० करोड रुपैयाँ बराबरको सेयर र ऋणपत्र किनेको प्रतिवेदनमा उल्लेख छ । यसका लागि पब्लिक कम्पनीहरू हिमालयन रि-इन्स्योरेन्स र यससँग सम्बद्ध कम्पनीहरू गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स, प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स र लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्सको पैसा चलाइएको पाइएको छ ।

पब्लिक लिमिटेड कम्पनीहरूको पैसा सेयर बजारमा लगाएर आफ्नो सम्पत्ति बढाउने घटना यो पहिलो भने होइन ।

२०७८ मा पनि सेयर बजारका ठुला खेलाडी भनेर चिनिने दिपेन्द्र अग्रवाललाई तत्कालीन बीमा समिति ( हाल बीमा प्राधिकरण) ले यस्तै कारोबारमा कारबाही गरेको थियो । त्यतिबेला जनरल इन्स्योरेन्स कम्पनीका सञ्चालक अग्रवालले कम्पनीको कोषको रकम दुरूपयोग गरेको पाइएको थियो ।

बीमा कम्पनीहरूले पनि आफ्नो पुँजी सेयर बजारमा कारोबार गर्न पाइने व्यवस्था छ । अग्रवालले यसैको फाइदा उठाउँदै यसरी कारोबार गर्न पाइने रकमको सीमाभन्दा ११५ प्रतिशत लगानी गरेको भेटिएको थियो ।

त्यही कारोबार क्रममा अग्रवालले आफ्नै लगानीका अन्य कम्पनी गोर्खाज फाइनान्स र तत्कालीन सिभिल बैङ्क ( हाल हिमालयन बैङ्कमा मर्ज) को सेयर किन्न प्रयोग गरेका थिए ।

यो घटनापछि उनलाई सञ्चालकबाट हटाएको थियो ।

यसरी पब्लिक लिमिटेड कम्पनीहरूमा बसेर उक्त कम्पनीमा रहेको कोषबाट आफ्नो गोजी भर्ने प्रवृत्ति प्रत्यक्ष-अप्रत्यक्ष रूपमा चलिरहेको बजार स्रोतहरू बताउँछन् ।

कतिपयले भने सुरूमा बिक्री हुन गाऱ्हो भएको त्यस्ता सेयर आफ्नै नाममा किन्ने र पछि केही बढी मूल्यमा आफ्नो कम्पनीलाई बिक्री गर्ने गरिरहेको पनि स्रोतको दाबी छ ।

सार्वजनिक भइसकेका यी घटनाक्रमहरूले बीमा कम्पनीहरूमा नै यस्तो प्रवृत्ति मौलाएको देखिएको छ ।

बीमा प्राधिकरणको तथ्याङ्कअनुसार जीवन र निर्जीवन बीमा कम्पनीहरूले आर्थिक वर्ष २०८१-८२ मा सेयर, ऋणपत्र लगायतका विभिन्न क्षेत्रमा ८ अर्ब २९ करोड लगानी गरेका छन् ।

आर्थिक वर्ष २०८२-८३ को तुलनामा यो १३.७ प्रतिशत धेरै हो ।

# स्थानीय तहबाट भूमि सेवा प्रवाह गर्न मन्त्रालयको आह्वान, ७ दिनभित्र प्रस्ताव माग

काठमाडौँ, १० वैशाख । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमि प्रशासनसम्बन्धी सेवाहरू स्थानीय तहबाट प्रवाह गर्ने प्रक्रिया अगाडि बढाएको छ । बिहीबार मन्त्रालयले एक सूचना जारी गर्दै इच्छुक स्थानीय तहहरूलाई सात दिनभित्र प्रस्ताव पेश गर्न आग्रह गरेको हो ।

मन्त्रालयका अनुसार नेपालको संवैधानिक व्यवस्थाबमोजिम हाल भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयबाट प्रवाह हुँदै आएका सेवा स्थानीय तहबाटै सञ्चालन गर्न सकिने व्यवस्था कार्यान्वयनतर्फ पहल गरिएको हो ।

सूचनामा इच्छुक स्थानीय तहले आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्था आफैंले गर्ने प्रतिबद्धतासहित सेवा सञ्चालन गर्न इच्छुक रहेको विवरण उल्लेख गरी पत्र पठाउनुपर्ने उल्लेख गरिएको छ ।

मन्त्रालयले तोकिएको मितिभित्र प्राप्त प्रस्तावका आधारमा सेवा हस्तान्तरण प्रक्रिया अगाडि बढाइने जनाएको छ ।

सङ्घीयता कार्यान्वयनसँगै सेवा प्रवाहलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउन स्थानीय तहलाई सशक्त बनाउने उद्देश्यले यस्तो पहल गरिएको मन्त्रालयको भनाइ छ ।

## सङ्क्षिप्त समाचार

# छात्रवृत्तिका लागि अक्षयकोष स्थापनाको सम्झौता

कर्णाली, १० वैशाख । मध्यपश्चिम विश्वविद्यालय र वीरेन्द्रनगर नगरपालिकाबिच रु. दुई करोड २२ लाख २२ हजार राशिको अक्षयकोष स्थापनाको सम्झौता भएको छ ।

अक्षयकोष स्थापनासम्बन्धी सम्झौतापत्रमा बिहीबार उपकुलपति प्रा. डा. ध्रुवकुमार गौतम र नगरप्रमुख मोहनमाया ढकालले हस्ताक्षर गर्नुभएको छ । सम्झौताअनुसार मध्यपश्चिम विश्वविद्यालयमा अध्ययन गर्ने वीरेन्द्रनगर नगरपालिका क्षेत्रका गरिब तथा जेहेन्दार विद्यार्थीलाई अक्षयकोषको रकमबाट प्राप्त हुने ब्याज छात्रवृत्तिका रूपमा प्रदान गरिने छ । *(रासस)*

# चैतमा नौ सय विपद्का घटना तीस जनाको मृत्यु

काठमाडौँ, १० वैशाख । गत चैतमा विपद्का घटनामा परी देशका विभिन्न भागमा ३० जनाको मृत्यु भएको छ ।

आगलागी, हुरी, चट्याङ, हिमपातलगायत दैवी विपत्तिमा परी १६ पुरुष, १० महिला र चार जना बालबालिकाको मृत्यु भएको हो ।

दैवी विपत्तिमा परेर २२२ जना घाइते भएका छन् । विपद्बाट १९१ घर, ११७ गोठ र तीन सरकारी कार्यालयमा क्षति भएको छ भने ५२९ चौपाया मरेका छन् ।

विपद्बाट रु. ३३ करोड ७२ लाख ६१ हजार बराबरको क्षति भएको अनुमान छ । विपद् प्रतिकार्यमा चार हजार ८४१ प्रहरी परिचालन भएका प्रहरी प्रवक्ता अविनारायण काफ्लेले राससलाई जानकारी दिनुभयो ।

विपद्बाट १४३ जना विस्थापित भएका छन् । सो अवधिमा कोशीमा २७२, मधेसमा १३६, वाग्मतीमा ८५, काठमाडौँ उपत्यकामा ३९, गण्डकीमा ९५, लुम्बिनीमा १२९, कर्णालीमा ५७ र सुदूरपश्चिम प्रदेशमा ९३ वटा विपद्का घटना भएका जनाइएको छ । *(रासस)*

# रेडपाण्डा संरक्षण गर्न चेतनामूलक कार्यक्रम

ललितपुर, १० वैशाख । नेपालका उच्च पहाडी तथा हिमाली क्षेत्रमा पाइने दुर्लभ वन्यजन्तु रेडपाण्डा (रातो हाब्रे) संरक्षणका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

चोरी सिकारी तथा जङ्गली कुकुरको आक्रमणका कारण सङ्कटमा परेको रेडपाण्डा संरक्षणका लागि अन्नपूर्ण, मनास्लु र गौरीशङ्कर संरक्षण क्षेत्रका स्थानीय तहसँग सहकार्य गर्दै विभिन्न कार्यक्रम सञ्चालन भइरहेको कोषले जनाएको छ ।

कोषका अनुसार विश्वका विभिन्न देशमा पाण्डाका विभिन्न प्रजाति पाइए पनि नेपालमा भने रेडपाण्डा (रातो हाब्रे) मात्र पाइन्छ । नेपालमा करिब ४०० देखि ६०० को सङ्ख्यामा रेडपाण्डा रहेको अनुमान गरिए पनि पछिल्लो समय यसको सङ्ख्या घट्दै गएको जनाइएको छ ।

रेडपाण्डा विशेषगरी निगालो घारीमा बस्ने र टुसा खाने गर्दछ । जङ्गली कुकुरको आक्रमण तथा यसको छाला बिक्री हुने भन्ने भ्रमका कारण पनि चोरी सिकारीको जोखिम बढ्ने गरेको पाइएको छ । *(रासस)*

# पर्यटकको रोजाइमा सिन्धुपाल्चोकको भैरवकुण्ड


चौतारा, १० वैशाख । सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकामा स्थित भैरवकुण्ड क्षेत्रमा पछिल्लो समय पर्यटकको चाप बढेको छ । कुण्डमा हिन्दु तथा बौद्ध धर्मावलम्बी पूजाआज समेत गर्दछन् । यसलाई शेर्पाहरूले आमा छ्यूमेनका रूपमा पूजा गर्दछन् ।

समुद्री सतहबाट छ हजार ५६७ मिटरको उचाइमा पर्ने फुर्वी घ्याचु भञ्ज्याङको फेदीमा अवस्थित सो कुण्ड समुद्री सतहबाट चार हजार १२४ मिटरको उचाइमा पर्दछ । भोटेकोशी गाउँपालिका अध्यक्ष पासाङनोर्बु शेर्पाका अनुसार सो ताल करिब ८४ हजार १९३ वर्गमिटरमा फैलिएको छ । तर तालको गहिराइको मापन भने अझैसम्म गरिएको छैन । कुण्डकै पानीले कुण्डभन्दा केही तल पर्ने १९८ मिटर अग्लो छहरा आकर्षण थपेको छ ।

पर्यटक यहाँको प्राकृतिक सुन्दरतासँग आकर्षित पर्दछन् । यहाँबाट सम्मुख जुगल हिमशृङ्खला पर्दछ । प्राकृतिक रूपमा अलौकिक मानिने भैरवकुण्डमा जति कठिनसाथ पुगिन्छ प्राकृतिक रसावादनले त्यहाँ पुगेपछि त्यो पीडा भुलिन्छ । अरनिको राजमार्गको १०९ किलोमिटरमा पर्ने तातोपानीको लार्चाबाट अठोरो ठाडो उकालो भिरको बाटो हिँडेर डेढदेखि दुई दिनमा पुग्न सकिन्छ ।

विशेषगरी जनैपूर्णिमामा यहाँ धर्मावलम्बीहरूको खचाखच हुने गर्दछ । विसं १९११ मा भोटसँगको युद्धको बेला निर्मित ऐतिहासिक दुगुनागढी पनि यसै क्षेत्रमा रहेको छ । तत्कालीन जङ्गबहादुर राणाको पालामा भोटसँग लडाइँ गर्दा घुयँत्रो मार हान्न बनाइएको दुगुनागढी किल्लाबाट पनि भैरवकुण्डको यात्रा गर्न सकिन्छ ।

भैरवकुण्डमा अरनिको राजमार्गको डाक्लाङ, काङलाङ, लिस्तीको लिस्तीमाई अर्थात् उग्रचण्डी भगवती मन्दिर हुँदै छगाम, बगाम र चकोरमकोर हुँदै पनि पुग्न सकिने स्थानीय वीना रोक्का अधिकारी बताउनुहुन्छ । यहाँ भगवान् शिव र पार्वतीको वासस्थान रहेको किंवदन्ती छ ।



**कर्णाली नदीमा 'फेरी' जडान**
अछामको तुर्माखाद गाउँपालिका र सुर्खेतको पञ्चपुरी नगरपालिकाको सिमानामा पर्ने जङ्गलघाटस्थित कर्णाली नदीमा 'फेरी' जडानको काम अन्तिम चरणमा ।
*तस्बिर: सुशील भण्डारी/रासस*

# पर्यटक अभावमा वनकरिया बस्तीको 'होमस्टे' बन्द

वाग्मती, १० वैशाख । मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापस्थित लोपोन्मुख वनकरिया बस्तीको घरवास 'होमस्टे' बन्द भएको छ ।

लोपोन्मुख वनकरिया बस्तीलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गरी, वनकरिया समुदायको आर्थिक उत्थान र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिएको होमस्टे पर्यटकको अभावमा बन्द भएको हो ।

तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई बसेको घरलाई स्तरवृद्धि गरी मनहरी गाउँपालिकाको रु. पाँच लाखको सहयोगमा गत २०७७ सालमा निर्माण गरिएको दुई कोठे होमस्टेको वाग्मती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शुभारम्भ गर्नुभएको थियो । पर्यटकको अभावसँगै उचित संरक्षण हुन सक्दा वनकरिया होमस्टेको संरचना जीर्ण अवस्थामा पुगेको स्थानीय आरती वनकरियाले बताउनुभयो ।

"गाउँपालिकाले लगानी गरेपछि हामीले बाँस र परालको छाप्रो हालेर लिपपोत गरी चिटिक्क परेको होमस्टे बनाइयौँ", आरती वनकरियाले भन्नुभयो, "सुरुको केही वर्षसम्म काठमाडौँ, हेटौँडा, पोखरालगायतका ठाउँबाट अध्ययन गर्न थुप्रै सङ्ख्यामा विद्यार्थी र अनुसन्धानकर्ता आउनुहुन्थ्यो, हाम्रै होमस्टेमा लोकल कुखुराको मासु खाने र रमाइलो गर्नुहुन्थ्यो ।" कहिलेकाहीँ त ठूला दलका नेताहरू पनि हाम्रो होमस्टेमा आउनुहुन्थ्यो, सुरुमा होमस्टे राम्रै चलिरहेथ्यो, तर पछिल्लो केही वर्षयता पर्यटक आउने क्रम घटेकाले होमस्टे बन्द गर्नुपरेको आरतीको भनाइ छ ।

तर विस्तारै पर्यटक आउन छाडेपछि लामो समयदेखि प्रयोगमा नआउँदा होमस्टेको संरचना कमजोर भएको स्थानीय विष्णुमाया वनकरियाले बताउनुभयो । उहाँका अनुसार बाँसले बारिएको संरचना चिराचिरा परेकोले होमस्टेमा बस्न सक्ने अवस्था छैन ।

वनकरिया समुदायको परिकारसहित अन्य रैथाने परिकार उपलब्ध गराउने र वनकरिया समुदायको आयआर्जनमा टेवा पुऱ्याउन व्यावसायिक रूपमा सञ्चालन गर्ने गरी निर्माण गरिएको होमस्टे यतिबेला जीर्ण अवस्थामा रहेको विष्णुमायाले बताउनुभयो ।

"सरकारले हामीलाई जङ्गली जीवनबाट मुसेधापस्थित बस्तीमा स्थानान्तरण गएपछि हाम्रो विषयमा अध्ययन गर्न सुरु सुरुमा थुप्रै पर्यटकहरू आउथ्यो", वनकरिया बस्तीका अगुवा सन्तोषी वनकरियाले भन्नुभयो, "त्यतिबेला होमस्टे राम्रै चल्यो, तर पछिल्लो दुई वर्षदेखि पर्यटकहरू आउनै छाडेकाले होमस्टे जीर्ण भएको, त्यसैले हामी होमस्टे बन्द गऱ्यौँ ।" पर्यटकको चहलपहल नहुँदा होमस्टेको संरक्षण र मर्मतमा मात्र खर्च गर्नुपर्ने र उत्पादनहीन बन्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ ।

वनकरिया बस्तीलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने सोका साथ होमस्टे सञ्चालन गरिए पनि पर्यटकको अभावमा होमस्टे सोचे अनुकूल चल्न नसक्दा बन्द गर्नुपर्ने बाध्यता भएको सन्तोषीले बताउनुभयो ।

"पहिलो कुरा त होमस्टे चलाउन पर्यटक चाहिन्छ, पर्यटक नै नआएपछि पैसा भएन र होमस्टेलाई व्यवस्थित रूपमा चलाउन सकिएन", सन्तोषीले भन्नुभयो, "दोस्रो कुरा गाउँपालिकाले होमस्टे लगाउन लगानी त गऱ्यो, तर पर्यटन प्रवर्द्धन गर्ने ठोस कार्यक्रम ल्याएनन्, जसका कारण विस्तारै पर्यटक आउनै छाड्यो ।" वनकरिया बस्तीसम्म पर्यटकलाई ल्याउन सकिने गरी कार्यक्रम बनाउन सकिए अझै पनि होमस्टे राम्रोसँग सञ्चालन हुनसक्ने उहाँको कथन छ ।

नेपालकै लोपोन्मुख वनकरिया समुदायको बस्ती हेर्न र घुम्न आउने पाहुनालाई खाना खुवाउने व्यवस्था भए पनि राति बास बस्न सक्ने अवस्था नहुँदा होमस्टे धरासायी भएको स्थानीयको भनाइ छ । होमस्टे सञ्चालनसँगै त्यसको दिगोपन र व्यवस्थापनमा ध्यान दिन नसक्दा वनकरिया होमस्टे सङ्कटमा परेको मनहरी गाउँपालिका-४ का वडाध्यक्ष प्रकाश थापाले बताउनुभयो ।

"होमस्टे त बनायो तर त्यसलाई दिगो र व्यवस्थित रूपमा कसरी सञ्चालकहरूले भने विषयमा सोचिएन", वडाअध्यक्ष थापाले भन्नुभयो, "जसको फलस्वरूप वनकरिया बस्तीको पहिचान झल्किने गरी बनाइएको होमस्टे बन्द हुन पुग्यो ।" वनकरिया बस्तीको होमस्टे बन्द भएपनि छिट्टै वनकरियाको होमस्टे सञ्चालनका लागि पहल भइरहेको वडाध्यक्ष थापाले बताउनुभयो ।

कुनै बेला पर्साको मध्यवर्ती क्षेत्र चुरेघाँचमा फिरन्ते जातको रूपमा चिनिने लोपोन्मुख वनकरिया जातिलाई सरकारले २०६२ सालमा जङ्गली जीवनबाट मानव बस्तीमा सारिएको हो । उक्त बस्तीमा २४ घरपरिवार वनकरिया समुदायको बसोबास छन् ।

जिल्ला वन कार्यालय मकवानपुरले कबुलियती वन समूहअन्तर्गत नौ हेक्टर जमिन उपलब्ध गराएको थियो । त्यहीं ठाउँमा ती जातिका व्यक्तिहरू करिब २० वर्षदेखि बस्दै आएका छन् । २०७८ सालको जनगणनाअनुसार वनकरिया जातिको कूल जनसङ्ख्या १८० र मतृभाषा बोल्ने जनसङ्ख्या ८६ मात्र छ । वनकरिया जातिको नेपालको त्यो बस्तीमा मात्र बसोबास रहेको वनकरिया समुदायकी अगुवा सन्तोषी वनकरियाले बताउनुभयो । उक्त बस्तीमा हाल ४५ जना महिला र ४६ जना पुरुष गरी ९१ जना वनकरिया रहेको सन्तोषीको भनाइ छ ।

उहाँका अनुसार ती बस्तीका ९१ जनामध्ये ५० जनाको नागरिकता बनिसकेको र २६ जनाको मतदाता नामावलीमा समेत नाम छ । केही वर्षअघिसम्मका फिरन्ते वनकरियाले अहिले खेतीपातीसँगै कुखुरा, बाख्रा र भैंसी पालेका छन् भने कोही ज्याला मजदुरीको काम गर्ने गर्छन् । *(रासस)*

# वीरगञ्ज हुँदै ७९ अर्ब ५४ करोडको वस्तु तथा सामान निर्यात

वीरगञ्ज (पर्सा), १० वैशाख । वीरगञ्ज नाका हुँदै चालु आवको नौ महिनामा रु. ७९ अर्ब ५४ करोड मूल्य पर्ने वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने रु. १० अर्ब १९ करोडअर्थात् १५ प्रतिशत बढी आयात भएको हो । जबकी गत आवको नौ महिनामा भने रु. ६९ अर्ब ३५ करोड मूल्य बराबरको वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा यो नाका हुँदै १५ प्रतिशत निर्यात बढेको बताउनुभयो । यो नाका हुँदै चालु आवको नौ महिनामा रु. ४३ अर्ब ६१ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको छ । जबकि गत आवको सोही अवधिमा भने रु. ३६ अर्ब ६२ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको थियो । चालु आवको नौ महिनामा पाँच अर्ब ८४ करोड मूल्य पर्ने फलफूलको जुस विदेशी मुलुकमा निर्यात भएको छ भने गत आवको सोही अवधिमा भने रु. पाँच अर्ब ७७ करोड मूल्य बराबरको निर्यात भएको थियो ।

त्यस्तै चालु आवको नौ महिनामा पाँच अर्ब २४ करोड मूल्यको प्रशोधित पाम तेल निर्यात भयो भने गत आवको सोही अवधिमा भने रु. ५९ करोड मूल्यको मात्रै भएको थियो । चालु आवको नौ महिनामा रु. पाँच अर्ब पाँच करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल निर्यात भयो भने गत आवको सोही अवधिमा भने रु. छ अर्ब ६१ करोड मूल्यको भएको थियो । चालु आवको नौ महिनामा रु. दुई अर्ब ६९ करोड मूल्यको विभिन्न किसिमका कपडा निर्यात भयो । त्यस्तै चालु आवको नौ महिनामा एक अर्ब ९४ करोड मूल्य पर्ने सिन्थेटिक यार्न निर्यात भएको वीरगञ्ज भन्सारले जनाएको छ । *(रासस)*

। सम्पादकीय ।

# स्थानीय तहको सङ्ख्या र सीमा हेरफेर अर्को विवादको विषय नहोस्

सरकारले स्थानीय तहको सङ्ख्या र सिमाना हेरफेर गरेको एक दशक बित्यो । एक दशकको अवधिमै फेरि वडाको सिमाना हेरफेर गर्ने सूचना सार्वजनिक भयो । अबको स्थानीय तहको निर्वाचन अगाडि नै वडाको सङ्ख्या र सिमाना हेरफेर गर्ने उद्देश्यले सरकारले स्थानीय तहको सङ्ख्या र सिमाना हेरफेरसम्बन्धी समिति बन्ने गरी मस्यौदा प्रस्ताव अघि सारेको छ । मस्यौदा प्रस्तावअनुसार सो समितिमा नगरपालिकाका उपप्रमुख, गाउँपालिकाका उपाध्यक्ष, सहायक प्रमुख जिल्ला अधिकारी, नापी तथा मालपोत कार्यालय प्रमुख, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत सदस्य सचिव रहने व्यवस्था गरिएको छ । यसको लागि पुनरवलोकनसम्बन्धी मापदण्ड २०८३ को मस्यौदा तयार गरिएको छ ।

पहिले बनाइएको वडा सङ्ख्या र सीमा हेरफेरको क्रममा केको लागि विवाद भयो ? त्यसबेला विवाद हुनुको कारण थाहा पाउनुपर्छ । वडा र सीमाको विवाद सही छ भने पुनरवलोकन गर्न सकिन्छ । के अहिले हुन लागेको सीमा हेरफेरको तयारी विवाद भएको ठाउँमा मात्र हुन लागेको हो ? संशोधनको नाउँमा विगतमा भन्दा अझ बढी विवाद हुने ढङ्गले वडाको सङ्ख्या र सीमा हेरफेर भयो भने त्यो अर्को विवादको माध्यम बन्न सकिन्छ । जुन जुन ठाउँमा विवाद छैन; सहज ढङ्गले सेवा दिन कुनै बाधा अवरोध छैन, सेवा भावनाले नै सही काम गरिरहेको छ भन्ने त्यहाँ वडाको सङ्ख्या र सीमा हेरफेरको जरूरत हुँदैन । वडाको सङ्ख्या र सीमा हेरफेर राजनीतिक ढङ्गले भयो भने त्यो अर्को विवादको विषय बन्ने छ ।

कुनै राजनीतिक उद्देश्य राखी वडाको सङ्ख्या र सीमा हेरफेर हुन्छ भने त्यसको चर्को विरोध हुनेछ । सरकारले यसअघि गरेको निर्णयमा विवाद देखिएको छ । सरकारको अव्यवहारिक र अपरिपक्व निर्णयको कारण विवाद र विरोध बढेको हो । अब हुने वडाको सङ्ख्या र सीमा हेरफेर या स्थानीय तहको पुनरवलोकन अर्को विवाद र चर्को विरोध हुने खालको नहोस् । साबिकका गाविस र हालको वडा नटुक्रिने गरी सीमा हेरफेर हुनुपर्ने बन्दोबस्त छ । यसबारे सम्बन्धित स्थानीय तहका जनप्रतिनिधिहरूले राम्ररी चिन्तनमनन गर्नुपर्छ; विचार विमर्श गर्नुपर्छ । हचुवाको भरमा निर्णय भए या गरिएमा जनदबाबको कारण स्थानीय विकास मन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने बाध्यता हुनसक्छ । विगतमा गरिएको वडा सङ्ख्या निर्धारण र सीमा हेरफेर सत्ताधारी दलले राजनीतिक उद्देश्य राखी गरेको थियो । त्यसको चर्को निन्दा गरिएको थियो ।

स्थानीय तहको हेरफेर राजनीतिक पूर्वाग्रह र दुराग्रह राखी सीमा हेरफेर गर्नुहुँदैन । हाल रहेको ७५३ स्थानीय तहमध्ये कुन कुन स्थानीय तहमा सीमा विवाद छ ? त्यो सीमा विवाद सुल्झाउने उपाय के हो ? एउटा कार्यालयबाट अर्को कार्यालयसम्म पुग्न अर्को वडा भएर जानुपर्ने कति वडा कार्यालय छन् ? त्यसको लेखाजोखा गर्नुपर्छ । हचुवाढङ्गले सीमा हेरफेर गरियो भने त्यो कसैको निम्ति मान्य हुनेछैन । सीमा हेरफेरमा जनताको व्यापक विरोध भयो या जनताले असन्तुष्ट व्यक्त गरे त्यो स्वयं सरकारको निम्ति अर्को धक्का हुनेछ । युवा जोश जाँगरको माला भिरेर हुइँकिएका युवा मन्त्री र सांसदहरूले आवेग, आक्रोशमा निर्णय गर्ने होइन; भविष्यको हेरेर निर्णय गर्दा बुद्धिमानी हुनेछ ।

विस्तृत अध्ययन नगरी, सरोकारवाला निकायसँग राम्ररी छलफल नगरी हतारमा निर्णय गरेर पछुताउने काम सरकारले गर्न नपरोस् । सरकारी निर्णय सबैले आत्मसात गर्ने गरी भयो भने त्यो सुनमा सुगन्ध हुनेछ । त्यस्तो निर्णय स्थिर हुनेछ । सरकारले गरेको दुईदिने बिदाको विरोधको स्वर सेलाउन नपाउँदै अर्को जनताको विरोध हुने खालको निर्णय सरकारले नगरोस् । सरकारको निर्णय आत्मसात नगर्नु भनेको निर्णय व्यावहारिक नभएको थाहा हुन्छ । अत: वडाको सङ्ख्या र सीमा हेरफेरको तयारी गर्न गठित स्थानीय तह पुनरवलोकन अफापसिद्ध नहोस् ।

# विद्यार्थी, सङ्गठन र राजनीति

✍ एक विद्यार्थी

*ALERT!! ALERT!! भोलिको आन्दोलनमा School Uniform वा College Uniform मा (ID सहित) आउनुभयो भने पुलिस प्रशासन निकै डराउँछ किनभने Uniform मा कसैलाई पनि लछारपछार गर्न पाउँदैन । यो International Law मा पर्छ । गऱ्यो भने सरकारमाथि विश्वव्यापी दबाब आउँछ र सरकार संसारभरि Expose हुन्छ । So पछाडि School bag अनि water bottle पनि हाल्नु र side मा umbrella fold गरेर हाल्नुपर्छ ।*
*UNIFORM IS POWER*
*Stay United, Stay Strong, Stay Safe*
*Nepal Police/GenZ/1Like For Nepal/!....*

भदौ २३ र २४ गते 'विद्यार्थी आन्दोलन' भयो । १२ देखि २८ वर्ष उमेरका विद्यार्थीलाई सडकमा उतार्न माथिको 'सूचना' लाई प्रयोग गरियो । झूटो 'सूचना' को बलमा विद्यार्थीको रगत बगाइयो । आन्दोलनपछि सरकारमा पुगे - बालेन्द्र शाह र उनको दल रास्वपा । चैत १३ गते 'नयाँ' सरकारको पहिलो बैठक बस्यो । बैठकले ३ महिनाभित्र विद्यार्थी सङ्गठनहरू खारेज गर्ने निर्णय गऱ्यो । विद्यार्थीहरूलाई राजनीतिमा उतारेर बनेको 'नयाँ' सरकार विद्यार्थीहरूलाई (राजनीतिक रूपमा) सङ्गठित हुने अधिकारबाट वञ्चित गर्न तम्सियो ।

यो खेलको पहिलो दृश्य मात्र हो । लक्ष्य हो - विद्यार्थीलाई विशुद्ध 'विद्यार्थी हक-हित' मा अलमल्याउने र राजनीतिक-चेतबाट वञ्चित गर्ने (Depoliticize वा अ-राजनीतीकरण गर्ने) ।

**नेपालमा विद्यार्थी आन्दोलन**

विसं १९७५ मा त्रिचन्द्र कलेजको उद्घाटन गरेपछि राणा प्रधानमन्त्री चन्द्रशमशेरले भनेका थिए रे - मैले आफ्नो खुट्टामा आफै बन्चरो हानेँ । नभन्दै त्यही पढ्ने विद्यार्थीहरूले राणाहरूको निरङ्कुश शासनको जग हल्लाइदिए । ती विद्यार्थी सचेत थिए; भावुक थिए; त्यसैले लोभलालचले दबेनन्; तिनले 'बहुजन हिताय र बहुजन सुखाय' को लागि जस्तोसुकै बलिदानी र पराक्रम गर्ने तागत राखे । टङ्कप्रसाद आचार्यको नेतृत्वमा १०४ वर्ष पुरानो राणा शासन ढल्यो । नेपाली विद्यार्थीहरूले एक आदर्श पाए - गंगालाल श्रेष्ठ ।

२००७ सालमा दिल्ली सम्झौता भयो । देशको सार्वभौमिकतालाई भारतको तखतमा राख्ने देखेर विद्यार्थीहरू सडकमा उत्रे । विद्यार्थीले अर्को सहिद पाए - चिनियाकाजी । सुस्तामा भारतले सीमा मिच्दा बोल्ने विद्यार्थी थिए । राजा महेन्द्रले 'विद्यार्थीको काम पढ्ने-लेख्ने हो' भनी विद्यार्थीलाई केवल 'विद्यार्थी हक-हित' मा सीमित गर्न खोजे । तथापि, ०३६ सालमा राजनीतिक अधिकारका लागि लड्नेहरू विद्यार्थी सङ्गठन नै थिए । ०४६ सालको आन्दोलनमा पनि विद्यार्थी राजनीतिक सङ्घर्षको अग्रमोर्चामा रहे ।

शासकहरूले विद्यार्थी सङ्गठनको शक्तिलाई सुरुदेखि नै कम गर्ने प्रयास गर्दै आएका छन् । खासगरी नेपालमा नवउदारवादको प्रवेशसँगै स्वदेशी र विदेशी दुवैतिरका शासकहरूले विद्यार्थी नेताहरूलाई भ्रष्ट बनाउन थाले । ०६२/६३ को जनआन्दोलनपछि यो क्रमले तीव्रता पायो । ०४६ साल अगाडि विद्यार्थी सङ्गठनहरूबिच बाक्लो वैचारिक बहस हुने गरेको पाइन्छ । ०४६ सालपछि विद्यार्थीहरूमा यो संस्कृति घट्दै गयो । तिनलाई नवउदारवादी झिलिमिलीमा भुलाएर बहस-विमर्शको संस्कृतिलाई घटाउँदै लगियो ।

**विद्यार्थी राजनीतिलाई कसले-किन दूषित बनायो ?**

०६२/०६३ पछि शासक दलका विद्यार्थी सङ्गठनहरू झन्झन् भ्रष्ट हुन थाले । गुन्डागर्दी, माफिया र विदेशी गैरसरकारी संस्थाहरूसँग तिनको हिमचिम बढ्यो । विद्यार्थीको भविष्यसँग जोडिएका घातक नीति-नियममा तिनले हचुवा हस्ताक्षर गरे । एकैपल्ट उच्च शिक्षाको शुल्क ५०० प्रतिशत बढाइयो । प्रतिवर्ष उच्च शिक्षाको शुल्क १० प्रतिशत बढाउने निर्णय भयो । शासक दलका विद्यार्थी नेताले त्यो विद्यार्थीमारा निर्णयमा लालमोहर लगाए । गैरसरकारी संस्थाको भाउँतोमा लागेर 'विद्यालय शान्ति क्षेत्र' को नाममा तिनले विद्यार्थीहरूलाई अ-राजनीतीकरण गर्ने खेल सुरु गरे ।

नेपालमा विद्या र विद्यार्थीको स्तर खस्काउँदै लगियो । भर्नाको बेला हडताल गरेर तिनले विद्यार्थीलाई पढ्नका लागि विदेश पठाउने कन्सल्टेन्सीहरू खोले । दक्षिण एसियाकै प्रतिष्ठित विश्वविद्यालय त्रिविलाई निजीकरणको बाटोमा लगियो । विदेशी दाताहरूको सर्तमुनि दब्दै पाठ्यक्रमलाई फितलो पार्दै लगियो । स्कुले पाठ्यक्रमलाई विदेशमुखी बनाइयो । विदेशी विश्वविद्यालयहरूले नेपालमा आआफ्ना पाठ्यक्रम पढाएर आफ्नो देशलाई चाहिने सस्ता ज्यामीहरू तयार गर्न थाले । देशको शिक्षा व्यवस्थामा नवउदारवादी अर्थनीतिले राइँदाइँ मच्चाइरहँदा शासक दलका विद्यार्थी सङ्गठनहरू कानमा तेल हालेर बसे । उल्टो कतिपय निर्णयमा उनीहरू नवउदारवादका सारथी बने ।

विद्यार्थी राजनीति कतिसम्म बिग्रियो भने शासक दलका विद्यार्थी नेताहरूले कतिपय सहरमा 'हप्ता उठाउन' थाले । यसले 'चन्दा आतङ्क' को रूप लियो । क्याम्पसमा हुने ठेक्कापट्टामा तिनले कमिसन खान थाले । ठेकेदारहरूले विद्यार्थी नेता पाल्न थाले । ठेकेदार-गुन्डा-विद्यार्थी नेताले शैक्षिक वातावरण बिगार्दै लगे । विद्यार्थीले पाउनुपर्ने छात्रवृत्ति, विद्यार्थीको धरौटी रकम, शैक्षिक भ्रमणको पैसा आदिमा शासक दलका विद्यार्थी नेताहरूले रज्जगज्ज चलाए । भड्किला कन्सर्ट गर्ने, विद्यार्थीहरूको फर्म भरिदिने जस्ता कार्यमा तिनीहरू अग्रसर भए । विद्यार्थीलाई चिट चोराउने काममा पनि तिनको संलग्नता देखियो ।

पञ्चायती शासकहरूले ३० वर्षमा गर्न नसकेको काम नेका, एमाले र माओवादी शासकहरूले गणतन्त्रका २० वर्षमा गरेर देखाइदिए । विद्यार्थी नेताहरू अन्तत: भ्रष्ट भए । विद्यार्थी सङ्गठनहरू बदनाम हुँदै गए । विद्यार्थी नेताले शासकहरूको चाकडी गर्न थाले । विद्यार्थी नेताहरू शासकका 'झोले' बन्न पुगे । (जस्तो, आफ्नो सरकारले महँगी बढाउँदा, देशघाती एमसीसी सम्झौता गर्दा तिनले बचाउ गरे ।) विद्यार्थी नेताहरू 'फेन्सी' र मैमत्त बने; दलीय भागबन्डामा रमाए । जनतासँगको तिनको सम्बन्ध घट्दै गयो ।

नयाँ पुस्ताका नेता भ्रष्ट बनेपछि पुराना शासकहरूको धन्दा अविराम चल्न पायो ।

**विश्व राजनीति र विद्यार्थी**

रास्वपाको बचाउ गर्दै एक बुद्धिजीवीले लेखे, "उपनिवेशवादविरोधी सङ्घर्षमा विद्यार्थी आन्दोलन चलेको थियो । अब त्यसको आवश्यकता छैन ।"

आधुनिक इतिहास हेर्दा युरोपमा विद्यार्थीहरूबिच विभिन्न सङ्गठन खोल्ने, वैचारिक बहस गर्ने चलन पाइन्छ । तिनको बलियो प्रभाव रुसमा देखियो । विद्यार्थीहरूले खुला र गुप्त सङ्गठनहरू खोलेर राजनीतिक गतिविधि गरे । रुसका राजाले विश्वविद्यालयमा हजारौं गुप्तचर खटाए र विद्यार्थी सङ्गठनहरू खारेज गरे । त्यसको विरोधमा लेनिनजस्ता विद्यार्थीले सङ्घर्ष गरे । तिनै विद्यार्थीको अग्रसरतामा रुसमा राजतन्त्र हट्यो, अक्टोबर क्रान्ति भयो र देश अन्तरिक्ष युगमा पुग्यो ।

सोभियत सङ्घको प्रभाव छिट्टै संसारभरि फैलियो । एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका विद्यार्थीहरू रुसी क्रान्तिबारे सचेत थिए । पहिलो विश्वयुद्धमा चीनलाई जापानको भागमा पारेपछि सन् १९१९ मा पेचिङ विश्वविद्यालयका विद्यार्थीहरू सडकमा आए । माओ त्सेतुङजस्ता नेताहरू त्यही विश्वविद्यालयमा हुर्केका थिए । अङ्ग्रेज शासनविरुद्ध सङ्घर्ष गरेका भगत सिंह र उनका साथीहरू नेसनल कलेजका विद्यार्थी थिए । क्यामे एनक्रुमा, नेल्सन मन्डेला, क्रिस हानी जस्ता अफ्रिकाका धेरै स्वतन्त्रता सेनानी विद्यार्थीकालबाटै राजनीतिमा थिए । नेपालमै पनि जयतु संस्कृतम्, लाइब्रेरी काण्डजस्ता आन्दोलन विद्यार्थीले नै चलाएका थिए ।

हो, उपनिवेशवादविरोधी सङ्घर्षमा विद्यार्थी सङ्गठनहरूको योगदान विश्वभरि नै रह्यो । तर, के अब उपनिवेशवादको जरा उखेलिएको हो ? - होइन ।

ऋण र सहयोग दिने नाममा पुरानो उपनिवेशवादले नयाँ जन्म पायो । यसलाई 'नवउपनिवेशवाद' भनियो । साम्राज्यवादी देशहरू अहिले प्राकृतिक स्रोतसाधनको लुटपाटमा जुटेका छन् । तिनले अफ्रिकी नेताहरूलाई मारेर त्यहाँको स्रोतसाधन कब्जा गरे । पश्चिम एसियाका देशहरूलाई योजना बनाएरै पालैपालो हातमा लिए । अहिले त्यो योजनाको अन्तिम युद्ध इरानमा चल्दै छ । नेपालमै पनि एमसीसी सम्झौता थोपर्नका लागि अमेरिकी नेताहरू डोनाल्ड लु, फातिमा सुमार आदिको दादागिरी देखिएकै हो । त्यसको विरोधमा सचेत युवा विद्यार्थी नै सडकमा आएका थिए ।

नेपालमा 'एमसीसी' पछि अब 'एसपीपी' को पालो भनिँदै छ । हामीकहाँ भेटिएका दुर्लभ खनिजहरूमा विदेशीहरूले आँखा गाड्दै छन् । यस्तो बेला साम्राज्यवादविरोधी विद्यार्थी आन्दोलनको झन् खाँचो छ । भियतनाम युद्ध, गाजा युद्ध र अहिले इरान युद्धमा अमेरिका र युरोपका विद्यार्थीहरू आफ्नै सरकारको विरोधमा सडकमा उत्रेको सारा संसारले देख्यो । पीडक देशका विद्यार्थीहरू सङ्घर्षमा उत्रेको देखीदेखी पीडित देशका 'विद्यार्थीले राजनीति गर्न छोड्नुपर्छ' भन्नु लाजमर्दो तर्क हो । यस्तो तर्क साम्राज्यवादी शासकहरूले मात्र राख्न सक्छन् ।

भियतनाम युद्धमा विद्यार्थीहरूको सामूहिक शक्ति देखेर तर्सेका अमेरिकी शासकहरूले योजना बनाएरै आफ्ना विद्यार्थीलाई अ-राजनीतीकरण गरे । तिनलाई बिगार्न र व्यक्तिवादी बनाउन पप कल्चरको घनघोर प्रचार गरे । गीत-सङ्गीत र फिल्ममार्फत यौन, अपराध र लागूऔषध बेचे । नयाँ पुस्तालाई राजनीतिक चेतबाट टाढा राख्ने यी हत्कण्डा नेपालमा पनि प्रयोग भएकै हो । आज हाम्रा विद्यार्थीहरूको दिमागमा 'विदेश जाने भूत' भरिएको छ । पूर्व उपनिवेश देशको जनशक्ति सस्तो भाउमा खोस्ने साम्राज्यवादी देशकै योजनाअनुसार यो भूत भरिएको हो ।

**नेता बन्न विदेशी तालिम !**

नेता नै नभएर नेपाल यहाँसम्म आएको होइन । नेपाल गौरव गर्नलायक नेताहरू जन्माएको देश हो । भीमसेन थापा, टंकप्रसाद आचार्यजस्ता नेता यही भूमिमा जन्मेका र विदेशीले मानमनितो गरेका नेता थिए । बाहुनवादी रुढीवादको विरोध गर्दै एक समतामूलक समाजको परिकल्पना गर्ने गौतम बुद्धलाई कुनै विदेशीले तालिम दिएको थिएन ।

तर, २००७ सालपछि धेरै कुरा उल्टियो । नेपालमा नेता तयार गर्नका लागि विदेशी संस्थाहरू खुल्न थाले । लायन्स, लियो, जेसिस, रोटरी, रोट्र्याकजस्ता संस्थाले नेतृत्वकलाको तालिम चलाउन थाले । यसको सूत्रपात कोइराला परिवारबाट भएको पाइन्छ । साथमा, विदेशीसँग असमान सन्धि-सम्झौता गर्ने सिलसिला पनि सोही परिवारले सुरु गऱ्यो । ०१५ सालको निर्वाचन जिताएबापत बीपी कोइरालाले गण्डक नदी भारतलाई दिएको उबेलै गणेशमान सिंहले भनेका थिए ।

०४६ सालपछि देशैभरि विदेशी गैरसरकारी संस्थाका मालिकहरू नेता बन्ने परिपाटी बस्यो । पञ्चायती शासकका छोराछोरीहरूले घोडा फेरे; एमाले, काङ्ग्रेस जस्ता 'नयाँ' पार्टीमा प्रवेश गरे । छोराछोरीलाई विदेशमा पढाउने र उच्च तलबयुक्त नोकरी दिलाउने शासकहरूको मोह घटेन । झन् बढ्यो । एक विद्वानले टिप्पणी गरे - हाम्रा शासकहरूले गान्धी र माओ बन्न आनाकानी गरे ।

मिल्टन फ्रिडमेन पढेर आएका रामशरण महतजस्ता 'नयाँ' र 'युवा' नेताहरूले नेपाली अर्थतन्त्रलाई नवउदारवादी बनाइदिए । विदेशीहरूको मर्जीबमोजिम स्वदेशी उद्योगहरू निजीकरण गरे । प्रत्येक निर्वाचन क्षेत्रबाट २०० का दरले युवायुवतीलाई खाडीमा बेच्ने काम सुरु गरे । हिजो नेपाली चेली बम्बइमा बेचिन्थे । काङ्ग्रेस, एमालेका 'युवा' नेताहरूले नेपाली चेलीहरूलाई अफ्रिकासम्म बेच्ने वातावरण बनाए ।

अलि गहिरिएर हेर्ने हो भने २००७ सालपछि नेपाली मौलिकता र मर्म बुझेका नेताहरू सत्तामा बिरलै पुगेका छन् । कुनै न कुनै मोडमा विदेशीहरूले उकेरा हालेका, पढाएका, लेखाएका, हुर्काएका नेताहरूले मात्र सत्ताको सोपान चढेको देखिन्छ । हिजो विदेशीहरूले अनेक आवरण ओढेर नेपालमा नेता तयार गर्थे । १५ वर्षदेखि अमेरिकी राजदूतावासले यो काम हाकाहाकी गर्दै आएको छ । उसले प्रतिवर्ष झन्डै ५५ युवालाई 'अमेरिकन युथ काउन्सिल' को सदस्यता दिन्छ । तिनलाई नेतृत्वकला सिकाउँछ । नेपालका वर्तमान प्रधानमन्त्रीदेखि रास्वपाका कतिपय नेताले यही तालिम लिएको खबर छ ।

विदेशीबाट तालिम लिएर नेता बनेका शासकहरूले के टंकप्रसाद आचार्यले जस्तो विदेशीसँग आँखा जुधाएर कुरा गर्न सक्लान् ? के तिनले तालिमदाताहरूको मर्जीविपरीत गएर देशका स्रोतसाधनको ठेक्का 'तिमीहरूलाई दिन्न' भन्न सक्लान् ? हिजो १० हजारको 'बलिदान' दिएर आएका प्रचण्डले सत्तामा

बाँकी पृष्ठ ७ मा

# लियोन सहरको विद्रोह

✍ का. रोहित

**सन् १८३१ मा पहिलो विद्रोह**

युरोप महादेशमा फ्रान्स भन्ने देश छ। त्यस देशको राजधानी पेरिस हो। पेरिस त्यसबेलाको फ्रान्सको धेरै कलकारखाना भएको सहर थियो। पेरिसजस्तै फ्रान्समा लियोन भन्ने सहर छ। लियोनमा पनि धेरै कारखानाहरू थिए। त्यस सहरमा रेशम र मखमल कपडाका कारखानाहरू धेरै थिए। ती कपडा बुन्ने मजदुरहरूलाई जुलाहा भनिन्थ्यो। लियोनमा ३० हजार जुलाहाहरू लुगा बुन्थे। तिनीहरूले सान्है कम ज्याला पाउँथे। त्यस ज्यालाबाट तिनीहरू एक छाक मात्रै खान सक्थे। तिनीहरूले आधा पेट खाएर काम गर्नुपर्दथ्यो। यसकारण, गरिब र भोका मजदुरहरू भित्रभित्र सान्है रिसाएका थिए। जुलाहा ज्यामीहरू आफ्नो गरिबी हटाउन चाहन्थे; भरपेट खान पाउनु पर्छ भन्ने मनमा राख्थे। यसकारण, तिनीहरूले कारखाना मालिकसँग ज्याला बढाइ देउ भनेर माग गरे। ज्यामीहरू एक हुन थाले। यो कुरो सन् १८३१ को थियो।

कारखानाका मालिकहरूले ज्याला बढाउन मानेनन्। मजदुरहरू पनि भोकै अथवा आधा पेट खाएर काम गर्न मानेनन्। लियोनका सबै मजदुरहरू उठे। यो देखेर कारखानाका मालिकहरूले सरकारसँग गुहार मागे। सरकारले मजदुरहरूलाई समात्न, थुन्न र मारपिट गर्न पुलिस र पल्टन पठायो। पुलिस र पल्टनले मजदुरहरूलाई सभा गर्न दिँदैनथ्यो, भाषण र हडताल गर्न दिँदैनथ्यो। पुलिस र पल्टनले मजदुरहरूले पनि सहन सकेनन्। तिनीहरू झन् एक भएर पुलिस र पल्टनसँग लड्न थाले। भिडन्त झन्झन् चर्कँदै गयो। आखिरमा मजदुरहरूले सरकारी पल्टनमाथि धावा बोल्न थाले। भिडन्त तीन दिनसम्म चल्यो। सरकारको सेना सहरबाट बाहिर धपाइए, लियोन सहर मजदुरहरूले कब्जा गरे।

विद्रोही मजदुरहरूको झन्डा कालो थियो। 'काम गरेर जिउ अथवा लड्दा लड्दै मरिजाउ' भनेर त्यो झन्डामा लेखिएको थियो। कालो झन्डा तिनीहरूको झोंकको चिह्नमात्रै थियो अथवा कालो झन्डा असन्तोषको अभिव्यक्ति मात्रै थियो। तीन दिनसम्म मजदुरहरू सहर कब्जा गर्न लडे। सहर कब्जा भयो। सहर कब्जा गरेपछि के काम गर्ने हो भन्ने तिनीहरूलाई थाहा थिएन, तिनीहरूसँग कुनै योजना र उद्देश्य थिएन।

अब के गर्नुपर्छ भन्ने कुरा पनि तिनीहरूलाई राम्रो थाहा थिएन। तैपनि, तिनीहरूले १० दिनसम्म सहरलाई आफ्नो कब्जामा राखे। लियोन सहरमा १० दिनसम्म मजदुरहरूको झन्डा फहरिरह्यो। मजदुरहरू सहरका अधिकारी थिए।

तर, त्यसबेला मजदुरहरूको आफ्नो कुनै



भर्सिलेज दरबार

राजनैतिक पार्टी थिएन। आफ्नो राजनैतिक पार्टी नहुँदा कसरी जनताको माग पूरा गर्ने, कसरी सरकार बनाउने र पछि आफ्नो शत्रुसँग कसरी लड्ने भन्ने कुरा बुझ्न सकेका थिएनन्।

हुन त मजदुरहरू आफ्नो सरकार गठन गर्न चाहन्थे र इच्छा गर्थे। तर, स-साना कारखानाका मालिकहरूसमेत तिनीहरूको विरोधमा थिए। ती कारखाना मालिकहरूले अनेक जालझेल, बाधा-अडकाउ तेर्स्याइदिए। मुख्य शत्रुलाई हान्न सानातिना शत्रुलाई एक छिनको निम्ति हातमा लिनुपर्छ भन्ने कुरा मजदुरहरूले जानेनन्। अरु पनि धेरै कारणले आफ्नो सरकार कायम गर्ने कुरामा मजदुरहरू असफल भए। मजदुरहरूलाई राजसत्ता कब्जा गर्ने अनुभव थिएन। अन्तमा, राजधानी पेरिसबाट सरकारले ठुलो पल्टन पठायो। पल्टनले लियोन सहरमाथि धावा बोल्यो। बन्दुक र हातहतियारको बलले सरकारी पल्टन लियोन सहरभित्र पस्यो। सरकारले लियोन सहर फेरि आफ्नो कब्जामा लियो।

**विद्रोहको महत्त्व**

विद्रोह धेरै दिनसम्म टिकेन। सहरमाथिको जीत अस्थायी भयो। तर, त्यसबेला लियोन फ्रान्सको एक महत्त्वपूर्ण सहर भएको हुनाले त्यस विद्रोह र घटनाले सारा फ्रान्स र युरोपका मजदुरमा खैलाबैला मच्चाइदियो। फ्रान्स र सारा युरोपका मजदुर र क्रान्तिकारीवर्गमा त्यसको ठुलो प्रभाव पर्यो। यसकारण, लियोन सहरको विद्रोह अस्थायी भए पनि त्यसको ठुलो महत्त्व थियो।

**सन् १८३४ को दोस्रो विद्रोह**

सरकारले १८३१ मा मजदुरहरूको विद्रोहलाई दबाइदियो। तर, मजदुरहरूको आर्थिक अवस्थामा कुनै हेरफेर आएन। गरिबी र भोकमरी जस्ताको तस्तै थियो। बरु, उल्टो सरकारी पुलिस र पल्टनको अत्याचारले मजदुरहरू झन् रिसाएका थिए। पल्टनले गरेको अपमानलाई तिनीहरूले बिर्सेका थिएनन्। एकचोटि सङ्गठित भएर विद्रोह गरेका मजदुरहरू अन्याय-अत्याचार सहेर बस्न सक्दैनन्। त्यसकारण, दुई वर्षपछि अर्थात् १८३४ मा लियोनका जुलाहा मजदुरहरू फेरि उठे र विद्रोह गरे। आफ्नो स्थितिलाई बदल्न चाहे। पुरानो अनुभवलाई लागू गरे।

त्यस विद्रोहमा मजदुरहरू पहिलेभन्दा अति होशियार भए। पहिलेका सफलता र असफलताबाट शिक्षा लिए। मजदुरहरूले मुख्य वर्गशत्रुको विरोधमा अरु वर्गलाई पनि आफूतिर तान्ने नीति लिए।

त्यो नीतिअनुसार विद्रोहमा मजदुरहरू र क्रान्तिकारी पुँजीपतिवर्ग एक भए। क्रान्तिकारी पुँजीपतिवर्ग राजालाई गद्दीबाट निकाल्न चाहन्थे। सामन्तवाद खतम गर्न चाहन्थे। छोटकरीमा तिनीहरू पुँजीवादी गणतन्त्र चाहन्थे। तिनीहरू राजा नभएको प्रजातन्त्र चाहन्थे। त्यसैलाई गणतन्त्र भनिन्छ।

त्यस विद्रोहमा जनवादी गणतन्त्रको एक निश्चित नारा थियो। मजदुरहरूले कालो झन्डाको ठाउँमा जनवादी गणतन्त्रको रातो झन्डा बोकेका थिए। मतलब तिनीहरू राजाको शासनको ठाउँमा जनताको शासन स्थापना गर्ने माग गर्दै थिए। विद्रोहीहरूको घोषणामा लेखिएको थियो-

हामी सारा मानव जातिको निम्ति लड्छौँ।
हामीहरू आफ्नो देशको सुखको निम्ति लड्छौँ।
*हामीहरू भविष्यको सुरक्षाको निम्ति लड्छौँ।*

मजदुरहरूले लियोनलाई आफ्नो कब्जामा लिए। त्यसबेला फ्रान्सका राजा लुई फिलिप थिए। लुई फिलिप सान्है लोभी र अत्याचारी राजा थिए। लियोन सहरको विद्रोह दबाउन राजाले पेरिसबाट पल्टन पठाए। पल्टनले लियोन सहरमाथि आक्रमण गर्यो। लियोनका बहादुर मजदुरहरू सहरको रक्षाको निम्ति एक हप्तासम्म पल्टनसँग लडिरहे। रगतको खोलो बग्यो। पुँजीपतिवर्गले राजालाई मद्दत गर्यो। राजा र पुँजीपतिहरूले मजदुरहरूलाई निर्दयतापूर्वक दबाएर पुँजीवादी व्यवस्थालाई जिउँदो राखे। यसरी १८३४ को लियोन सहरका मजदुरहरूको विद्रोहलाई दबाई दियो।

**लियोन विद्रोहको शिक्षा**

लियोनका मजदुरहरूको विद्रोह हुनुभन्दा एक वर्षअगाडि १८३० मा फ्रान्समा जुलाईको क्रान्ति भएको थियो। त्यो क्रान्ति एक पुँजीवादी क्रान्ति थियो। त्यसबेला मजदुरवर्ग पुँजीपतिवर्गको नेतृत्वमा पछि पछि लागेको थियो। तर, १८३१ र १८३४ मा मजदुरवर्ग आफैँले एक स्वतन्त्र विद्रोह गर्न जाने। ती विद्रोहमा पुँजीपतिवर्गले साथ दिएनन्। विद्रोहमा मजदुरवर्गले शक्तिलाई राम्रोसँग आफ्नो कब्जामा राखेको थियो। तैपनि, मजदुरवर्गको आफ्नो अलग राजनैतिक पार्टी नहुँदा लड्ने तरिका र उद्देश्य प्रस्ट थिएन। आफूसँग मिल्न सक्ने सबै वर्गलाई आफूतिर तान्न सकेन। छोटोमा, मजदुरहरूको आफ्नो राजनैतिक सङ्घर्ष अनुभव र सङ्गठन थिएन। रणनीति, नेतृत्व र वर्गहरूको सम्बन्धबारे अनुभवको कमी थियो। यसकारण, विद्रोहलाई धेरै अगाडि लैजान सकेनन् र विद्रोह दबाइयो।

तर, लियोन विद्रोहले एउटा नयाँ कुरा देखाइदियो। मजदुरवर्ग पनि एक राजनैतिक शक्ति हो भन्ने कुरो देखाइदियो। त्यो शक्ति राज्य सत्ताको निम्ति लड्न चाहन्छ भन्ने कुरो प्रस्ट थियो। राज्य सत्ताको निम्ति मजदुरवर्गको सङ्घर्ष सुरु भयो भन्ने देखाइदियो। लियोन विद्रोहको यही शिक्षा थियो। त्यसबेला यो शिक्षा एउटा ठुलो र ऐतिहासिक शिक्षा थियो।

***- विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरूबाट***

# विवादास्पद दुई बीमा कम्पनीसँग गृहमन्त्री सुधन गुरुङको साइनो र सम्बन्ध

✍ रमेश कुमार

सम्पत्ति शुद्धीकरणको छानबिनका लागि हिरासतमा रहेका व्यवसायीद्वय सुलभ अग्रवाल र दीपक भट्टको अग्रसरतामा अनुमति पाएका विवादित लघुबीमा कम्पनीहरूमा गृहमन्त्री सुधन गुरुङ र भदौ २३-२४ को घटना अनुसन्धान गर्न बनाइएको उच्चस्तरीय छानबिन आयोगका सदस्य विज्ञानराज शर्माको पनि लगानी छ।

सम्पत्ति शुद्धीकरण अभियोगमा प्रहरी हिरासतमा रहेका व्यवसायी सुलभ अग्रवाल र दीपक भट्टसँग व्यावसायिक साझेदारी गरेको मुद्दा चर्किएपछि गृहमन्त्री सुधन गुरुङ विवादमा परेका छन्। उनको लगानीको विषयमा राष्ट्रिय स्वतन्त्र पार्टी र सरकारभित्र आन्तरिक छानबिन चलिरहेको एक विश्वसनीय स्रोतले हिमालखबरलाई बतायो। "उनको विवादित व्यवसायीहरूसँगको साझेदारीका विषयमा गम्भीर प्रश्न उठेको छ, नैतिक मात्रै प्रश्न हो कि कानुनबमोजिम कारबाहीको पनि विषय हो, छानबिनपछि प्रस्ट होला," स्रोतले भन्यो।

सम्पत्ति शुद्धीकरणको छानबिनका लागि हिरासतमा रहेका व्यवसायी द्वय अग्रवाल र भट्टको अग्रसरतामा अनुमति पाएका दुई लघुबीमा कम्पनीमा गुरुङले संस्थापक शेयर लगानी गरेका थिए। सुलभ अग्रवाल शङ्कर समूहका उपाध्यक्ष हुन्। इन्फिनिटी होल्डिङ्सका अध्यक्ष भट्ट बिचौलियाका रूपमा परिचित छन्। उनीहरूले मिलेमतोमा सम्पत्ति शुद्धीकरण गरेको विषयमा हिरासतमा राखी नेपाल प्रहरीले अनुसन्धान गरिरहेको छ। स्टार माइक्रो इन्स्योरेन्स कम्पनी र लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स कम्पनीमा गृहमन्त्री गुरुङको २५-२५ हजार कित्ता लगानी छ (हे. शेयरधनी दर्ता लगत)। भट्ट र सुलभ अग्रवालको अग्रसरतामा खुलेका यी दुवै कम्पनीले कयौँ कानुनसम्बन्धी र नैतिक प्रश्न सोझिने गरी नेपाल बीमा प्राधिकरणबाट सञ्चालनको अनुमति पाएको हिमालखबरले खुलासा गरेको थियो।

शङ्कर समूह तथा दीपक भट्ट एवं उनका साझेदारहरूका लगानीका कम्पनीलाई नियोजित रूपमा कसरी अनुमति दिइएको थियो र त्यसमा कसको लगानी थियो भन्ने बारेमा हिमालखबरले २०८० मङ्सिरमा खोजमूलक रिपोर्ट प्रकाशित गरेको छ। यी कम्पनीहरूमा प्रत्यक्ष र घुमाउरो तरिकाले व्यावसायिक घराना शङ्कर समूह तथा दीपक भट्टको इन्फिनिटी होल्डिङ्ससहित उनीहरू निकटका कयौँ व्यक्ति र संस्थाको लगानी छ। त्यतिबेला अनुमति पाएका सात लघु बीमा कम्पनीमध्ये दुईमा गृहमन्त्री गुरुङले पनि लगानी गरेका थिए।

गोरखा चुमनुब्री स्थायी ठेगाना भएका सुधनको लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्समा २५ हजार कित्ता र स्टार माइक्रो इन्स्योरेन्समा २५ हजार कित्ता शेयर छ। यो संस्थापक शेयरको ०.४७ प्रतिशत हाराहारी हो। यो रकमको स्रोत के थियो भन्ने बारेमा भने हामीले प्रमाण भेट्टाएका छैनौँ। यी कम्पनीको प्रतिशेयर अङ्कित मूल्य रु. १०० हो। गृहमन्त्री गुरुङले सार्वजनिक गरेको सम्पत्ति विवरणमा यी लगानीको विवरण उल्लेख छैन।

यी कम्पनीमा गृहमन्त्री गुरुङको लगानी अवैध होइन। तर, उनको लगानीको स्रोत स्पष्ट नभएको तथा सम्पत्ति विवरणमा उल्लेख नगरी लुकाइएको कारण विवादित बनेको हो। अर्कातिर, विवादित तरिकाले अनुमति पाएको लघुबीमा कम्पनीका मुख्य प्रवर्द्धक जो आफैँ सम्पत्ति शुद्धीकरण मुद्दाका अभियुक्त छन्, उनीहरूसँग गृहमन्त्री गुरुङको सम्बन्ध के हो भन्ने विषयमा पनि प्रश्न उठेको छ। यसबारे सोध्न गृहमन्त्री गुरुङसँग सम्पर्क गर्ने प्रयास गरिएपनि सम्पर्क हुन सकेन।

गृहमन्त्री गुरुङमाथि यसअघिदेखि नै विवादित दीपक भट्ट निकट रहेको आरोप लाग्दै आएको थियो। उनी संलग्न



'हामी नेपाल' नामक संस्थाले २०७८ भदौमा भट्टसहित शङ्कर समूहका उपाध्यक्ष सुलभ अग्रवाललाई समेत सम्मान गरेको थियो।

विपद् व्यवस्थापनको नाममा खुलेको 'हामी नेपाल' नामक संस्था जेन-जी प्रदर्शनताका निकै विवादमा तानिएको थियो। हिमालखबरले भदौ २४ मा गुरुङसहित 'हामी नेपाल' का सदस्य बताउने युवाहरू आगजनी र तोडफोडमा संलग्न रहेको खोज रिपोर्ट प्रकाशित गरेको छ। यो संस्थामाथि आर्थिक पारदर्शिताको प्रश्न उठ्दै गएपछि अहिले यसको साइट नै 'डाउन' गरिएको छ।

विवादास्पद निर्णय

२०७९ को आम निर्वाचनको समयमा बीमा प्राधिकरणले सात लघु बीमा कम्पनीलाई सञ्चालनको अनुमति दिएको थियो। तीमध्ये कम्तीमा ६ वटा कम्पनीमा शङ्कर समूह र दीपक भट्ट तथा उनीहरू निकट व्यवसायी एवं व्यक्तिहरूको प्रत्यक्ष एवं घुमाउरो लगानी रहेको हामीले फेला पारेका थियौँ। शङ्कर समूह र इन्फिनिटीका व्यावसायिक साझेदार शेखर गोल्छा, पशुपति मुरारका, राजेश अग्रवाल, राजबहादुर शाह, कुमुद दुगड, मोतीलाल दुगड, शोभाकर न्यौपानेसहितका व्यवसायी यी लघु बीमाका साझेदार लगानीकर्ता हुन्। २०८० मंसिरमा बीमा प्राधिकरणका तत्कालीन अध्यक्ष सूर्यप्रसाद सिलवाललाई हिमालखबरले एकाधिकार हुने गरी एकै समूहलाई लघु बीमाको अनुमतिपत्र दिइएको विषयमा सोधेको प्रश्नमा उनले भनेका थिए, "जम्मा ५-६ घराना र समूहको हालीमुहाली रहेको देशमा एउटा समूहले अनुमति नपाए अर्काले पाउँछ। त्यसैले अमुक घरानाले अनुमति लियो भन्नु बेकार कुरा हो।"

गृहमन्त्री गुरुङको लगानी रहेको लिबर्टी माइक्रो इन्स्योरेन्समा लाङ्टाङ इन्भेष्टमेन्टको २१ प्रतिशत शेयर लगानी छ। यो कम्पनी श्रेया रुङ्गटाको नाममा दर्ता छ। उनी शङ्कर समूहका अध्यक्ष शङ्करलाल अग्रवालकी भान्जी बुहारी हुन्। श्रेयाका पति आयुष गुप्ता जगदम्बा ग्रुपको कार्यकारी निर्देशक छन्। लिबर्टी माइक्रो इन्स्योरेन्सको अर्को मुख्य लगानीकर्ता कम्पनी पाल्दोर इन्भेस्टमेन्ट हो, जुन बबिता खेतानको नाममा दर्ता छ। लिबर्टीमा कविता लोहिया, ओपी होल्डिङ्स, जगदम्बा इन्टरप्राइजेज, लक्ष्मी बैङ्क, लक्ष्मी क्यापिटल सहितको पनि उल्लेख्य लगानी छ। लक्ष्मी बैङ्क र लक्ष्मी क्यापिटल व्यवसायी राजेन्द्र खेतानको प्रमुख लगानीका संस्था हुन्। लिबर्टीमा व्यवसायी लाक्पासोनाम शेर्पा, निकोलस पाण्डे तथा अनलाइन खबर नेपालको स्वामित्वको रेमी क्यापफिनको पनि उल्लेख्य शेयर लगानी छ।

स्टार माइक्रो इन्स्योरेन्समा पनि शङ्कर समूहका पारिवारिक सदस्यको घुमाउरो लगानी छ। स्टारका प्रमुख दुई लगानीकर्ता कम्पनी लोबुचे इन्भेस्टमेन्ट र घान्द्रुक इन्भेस्टमेन्टको कम्तीमा २१-२१ प्रतिशत शेयर स्वामित्व छ। लोबुचे इन्भेस्टमेन्ट श्रेया रुङ्गटाको नाममा दर्ता छ। घान्द्रुक इन्भेस्टमेन्ट शङ्करलाल अग्रवालकी बहिनी रेनु अग्रवालको नाममा छ। स्टारमा जगदम्बा इन्टरप्राइजेजको २५ हजार कित्ता लगानी छ, जुन कम्पनी रेनुसहित रमेश अग्रवाल र अनिल रुङ्गटाको शेयर स्वामित्वको कम्पनी हो। स्टारमा नेपाल प्रहरीका पूर्व अतिरिक्त महानिरीक्षक हरिबहादुर पालको पनि १० हजार कित्ता शेयर लगानी छ।

यो कम्पनीमा दीपक भट्टको इन्फिनिटी होल्डिङ्सका चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार आचार्यको पनि १० हजार कित्ता शेयर लगानी छ। उनीसहितको अध्ययन समितिले २०८१ वैशाखमा सरकारलाई नयाँ स्टक एक्सचेन्ज स्थापनाको अनुमति दिन सुझाव दिएको थियो। नयाँ स्टक एक्सचेन्जको अनुमति लिन दीपक भट्ट तथा शङ्कर समूहको स्वामित्वको हिमालयन स्टक एक्सचेन्जले लामो समयदेखि प्रयत्न गर्दै आएको तथा धितोपत्र बोर्डमा आवेदन दिएको छ। स्टारमा नेपाल स्टक एक्सचेन्जका पूर्व प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउदको पनि १० हजार कित्ता शेयर लगानी छ। सर्वोत्तम सिमेन्ट प्रकरणमा मुछिएका उनी राजीनामा दिएर एक्सचेन्जबाट बाहिरिएका थिए। बीमा प्राधिकरणले प्रश्न उठ्ने गरी अनुमति दिएको गार्डियन र नेपाल माइक्रोमा प्रमुख लगानीकर्ता भए पनि लिबर्टी र स्टार माइक्रो इन्स्योरेन्समा भने विवादित व्यवसायी दीपक भट्टको सिधै लगानी देखिँदैन।

पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक तथा गत भदौको आन्दोलनका क्रममा भएका भौतिक तथा मानवीय क्षतिको छानबिन गर्न गठित जाँचबुझ आयोगका सदस्य विज्ञानराज शर्माको पनि त्यतिबेला अनुमति पाएको गार्डियन माइक्रो इन्स्योरेन्स कम्पनीमा १० हजार कित्ता संस्थापक शेयर लगानी छ। गार्डियन माइक्रो इन्स्योरेन्समा दीपक भट्ट तथा शङ्कर समूह मुख्य लगानीकर्ता हुन्।

कानुन विपरीतको शेयर होल्डिङ

बीमा ऐन, २०७९ ले बीमा कम्पनीमा एकै व्यक्ति वा परिवारलाई १५ प्रतिशतभन्दा बढी शेयर दिन बन्देज लगाएको छ। बीमा ऐनको दफा २५ मा भनिएको छ, एकजना व्यक्ति वा निजको एकाघरको परिवार वा निजको एकाघरको परिवारको सदस्य आधारभूत शेयरधनी रहेको कुनै कम्पनी वा सङ्गठित संस्थाले

***बाँकी पृष्ठ ८ मा***



भारतको पश्चिम बङ्गाल प्रान्तको विधानसभा निर्वाचनअन्तर्गत ओन्डा केशवपुर संसदीय क्षेत्रमा मतदानका निम्ति लामबद्ध मतदाताहरू बिहीबार ।

*तस्बिर : द वायर*

# मतदाता सूची विवादबिच पश्चिम बङ्गालमा मतदान सुरु

कोलकाता, १० वैशाख (एपी) । लाखौँ मतदाताको नाम सूचीबाट हटाइएको विवादबिच भारतको पश्चिम बङ्गालमा बिहीबार मतदान सुरु भएको छ, जसले चुनावी निष्पक्षता र मताधिकारबारे गम्भीर बहसलाई थप तीव्र बनाएको छ । राष्ट्रिय महत्त्व बोकेको यस निर्वाचनले राजनीतिक शक्ति सन्तुलनमा समेत प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) ले लामो समयदेखि क्षेत्रीय दलको प्रभाव रहेको यस राज्यमा आफ्नो उपस्थिति विस्तार गर्ने प्रयास गरिरहेको छ । अर्कोतर्फ, मुख्यमन्त्री ममता बनर्जीको पुन: जितले उहाँको राष्ट्रिय विपक्षी नेतृको छवि अझ बलियो बन्ने आँकलन गरिएको छ ।

निर्वाचन बहुचरणीय रूपमा भइरहेका छन्, जसअन्तर्गत दोस्रो चरण आगामी हप्तामा तय गरिएको छ । यसै दिन दक्षिणी राज्य तमिलनाडुमा पनि मतदान भइरहेको छ । समग्रमा यी निर्वाचनहरूलाई विपक्षी प्रभाव क्षेत्रहरूमा सत्तारूढ दलको पहुँच परीक्षणका रूपमा हेरिएको छ, जसको अन्तिम नतिजा मे ४ मा आउने अपेक्षा गरिएको छ ।

यस पटकको मतदान विशेष रूपमा मतदाता सूची संशोधनका कारण विवादित बनेको छ । भारतको निर्वाचन आयोगले मृतक, दोहोरो वा अयोग्य मतदातालाई हटाउने उद्देश्यले व्यापक अद्यावधिक गर्दा करिब ९० लाख नाम हटाइएको जनाएको छ । यसमध्ये ६३ लाखलाई मृत वा अनुपस्थित र २७ लाखलाई 'सन्दिग्ध' भन्दै प्रमाणीकरण बाँकी राखिएको छ ।

तर धेरै मतदाताले आफूहरूसँग वैध कागजात हुँदाहुँदै पनि स्पष्ट कारणबिना नाम हटाइएको गुनासो गरेका छन् । अर्धसैनिक बलमा कार्यरत ५३ वर्षीय शेख नजरुल इस्लामले आफूले सन् २०२१ मा मतदान गरेको र सबै कागजात हुँदाहुँदै पनि यसपटक नाम सूचीमा नभेटिएको बताउनुभयो । उहाँले 'निर्वाचनमा खटाइएको व्यक्तिलाई नै नागरिकका रूपमा मान्यता नदिएको अनुभूति भएको' प्रतिक्रिया दिनुभयो ।

यस्तै, ६२ वर्षीया निवृत्त विद्यालय प्रशासक ताइबुनेसा बेगमले पासपोर्ट, पेन्सन रेकर्डजस्ता प्रमाण हुँदाहुँदै पनि नाम हटाइएको देख्दा आफू स्तब्ध भएको बताउनुभयो । उहाँका अनुसार 'यो केवल मतदानको विषय नभई आफ्नो अस्तित्वमाथि नै प्रश्न उठाइएको जस्तो' लागेको छ ।

विपक्षी दलहरूले भने यस प्रक्रियाले मुस्लिम तथा सीमान्तकृत समुदायलाई असमान रूपमा प्रभावित गरेको आरोप लगाएका छन् । तर निर्वाचन आयोगले आरोप अस्वीकार गर्दै सूची शुद्धीकरण नियमित प्रशासनिक प्रक्रिया भएको दाबी गरेको छ । सत्तारूढ दलले पनि यसलाई आवश्यक सुधार भन्दै समर्थन गरेको छ र कागजातविहीन आप्रवासीहरूको उपस्थिति यसका कारण हुन सक्ने तर्क गरेको छ ।

यद्यपि आलोचकहरूले यस कदमलाई व्यापक राजनीतिक सन्देशसँग जोड्दै आएका छन् । विशेषगरी छिमेकी बङ्गलादेशबाट अवैध आप्रवासनको विषय उठाउँदै आएका अभिव्यक्तिहरूले अल्पसङ्ख्यक समुदायमा भय बढाएको उनीहरूको भनाइ छ ।

तृणमूल काङ्ग्रेसका नेता डेरेक ओ'ब्रायन ले यस प्रक्रियालाई 'अदृश्य धाँधली' को संज्ञा दिँदै मतदातालाई अधिकारबाट वञ्चित गर्ने प्रयास भएको आरोप लगाउनुभयो ।

राजनीतिक विश्लेषक इमान कल्याण लाहिरीका अनुसार मतदाता सूचीबाट नाम हराउनु केवल प्राविधिक त्रुटि नभई नागरिक पहिचान र गरिमासँग जोडिएको गम्भीर विषय हो । उहाँले यसले दीर्घकालीन रूपमा लोकतान्त्रिक विश्वासमा असर पार्न सक्ने चेतावनी दिनुभयो ।

धेरै प्रभावित नागरिकका लागि भने यो बहसभन्दा पनि व्यक्तिगत पहिचानको प्रश्न बनेको छ । बेगमले भन्नुभयो, "यो राजनीति मात्र होइन, हामी यो देशका नागरिक हौँ कि होइन भन्ने आधारभूत प्रश्न हो ।"

## विश्व सङ्क्षेप

### पाकिस्तानमा भएको आक्रमणमा नौ जनाको मृत्यु

इस्लामावाद, १० वैशाख (सिन्ह्वा) । पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको अन्वेषण तथा अनुसन्भान स्थलमा भएको आक्रमणमा नौ जनाको मृत्यु हुनुका साथै एक जना विदेशी कामदारलाई अपहरण गरिएको सुरक्षा स्रोतहरूले बिहीबार बताएका छन् ।

चागी जिल्लाको नेसनल रिसोर्सेज लिमिटेड कम्पनीद्वारा सञ्चालित अन्वेषण तथा अनुसन्भान स्थलमा बुधबार स्थानीय समय अनुसार बेलुका ७ वजे आक्रमण भएको स्रोतहरूले नाम न छाप्ने सर्तमा बताएको सिन्ह्वाले जनाएको छ ।

तामा र सुनको अन्वेषण तथा अनुसन्धान स्थलमा आक्रमण भएको स्रोतहरूले पुष्टि गरेका छन् ।

आतङ्ककारीहरूले आक्रमणको क्रममा साना हतियारको गोली र अन्डर-ब्यारेल ग्रेनेड लन्चर प्रयोग गरेको तथा तोडफोड गरी इन्धनमा क्षति पुग्नुनुका साथै तीनवटा शिविरहरूमा आगो लगाएको स्रोतले जनाएको छ ।

जवाफी गोलीबारीमा एकजना आतङ्कवादी मारिएको तथा बाँकी आक्रमणकारीहरू घटनास्थलबाट भागेको जनाइएको छ ।

सुरक्षा बलले खोजी तथा अनुसन्धान अभियान सुरु गरी सकेको जनाएको छ ।

मृतकमध्ये तीन जना निजी सुरक्षा गार्ड र छ जना मजदुर रहेको स्रोतले जनाएको छ भने अहिलेसम्म कुनै पनि समूहले आक्रमणको दाबी गरेको छैन ।

### लेबनानमा इजरायली आक्रमण पाँच जनाको मृत्यु

इजरायल, १० वैशाख (एएनआई) । लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) र अल जजिराले उद्धृत गरे अनुसार दक्षिणी लेबनानमा भएको पछिल्लो इजरायली आक्रमणमा एक पत्रकारसहित पाँच जनाको मृत्यु भएको छ ।

रिपोर्टका अनुसार, सुरुमा दक्षिण लेबनानको एट-टिरी गाउँमा एउटा गाडीलाई लक्षित गरी गरेको इजरायली आक्रमणका कारण गाडीभित्र रहेका दुई जनाको मृत्यु भएको थियो ।

इजरायली सेनाले दक्षिणी लेबनानमा दुईवटा गाडीलाई लक्षित गरी आक्रमण गरेको बताएको छ ।

यसैबिच, लेबनानको राष्ट्रिय समाचार एजेन्सीलाई उध्दृत गरी अल जजिराले रिपोर्ट गरे अनुसार, एट-टिरी गाउँको भवनमा भएको हवाई आक्रमणमा एक जना पत्रकारको घाइते भएको केही समयपछि मृत्यु भएको हो ।

लेबनानका सूचना तथा सञ्चार मन्त्री पल मोर्कसले पत्रकारहरूमाथि भएको इजरायली आक्रमणको निन्दा गर्नुभएको छ ।

सामाजिक सञ्जालमा मोर्कसले पत्रकारहरूको सुरक्षा र कामको स्वतन्त्रताको ग्यारेन्टी तुरुन्तै सुनिश्चित गर्ने आवश्यकतालाई पुष्टि गर्दै यस घटनाको जिम्मेवार इजरायल भएको बताउनुभएको छ ।

यसअघि, इजरायली डिफेन्स फोर्स (आईडीएफ) ले हिज्बुल्लाहले युद्धविराम उल्लङ्घन गरेको दाबी गरेपछि दक्षिणी लेबनानमा आफ्नो सेना र वायुसेनाले आक्रमण गरेको बताएको थियो ।

आईडीएफले विज्ञप्ति जारी गर्दै दक्षिणी लेबनानको सालुकी क्षेत्रमा घटना भएको बताएको छ, जहाँ आईडीएफले सम्भावित खतरा पत्ता लगाएको दाबी गरेको छ ।

इजरायली सेनाले स्थितिलाई नियन्त्रण गर्न हवाई आक्रमणको जवाफ दिएको र हिजबुल्लाहसँग सम्बन्धित पूर्वाधारलाई लक्षित गर्ने प्रयाससहित यस क्षेत्रमा अपरेसन जारी रहेको बताएको छ ।

# सुकीबारे 'सकारात्मक सङ्केत' को दाबी, म्यान्मामा दबाब बढ्दै

बैङ्कक, १० वैशाख (एएफपी) । म्यान्माको सैन्य नेतृत्वले हिरासतमा राखिएकी प्रजातन्त्रवादी नेतृ आङ सान सुकीका विषयमा 'राम्रो कदमहरूबारे विचार भइरहेको' सङ्केत दिएको थाइल्यान्डका विदेशमन्त्रीले बताएका छन् । विदेशमन्त्रीले हालै म्यान्माको राजधानी नेपिडोमा शीर्ष नेतृत्वसँग भेटवार्ता गरेका थिए । यो अभिव्यक्ति क्षेत्रीय तथा अन्तर्राष्ट्रिय दबाब बढिरहेका बेला आएको हो, जसले सुकीको सम्भावित रिहाइबारे पुन: चासो जगाएको छ ।

सन् २०२१ को सैनिक 'कू' पछि म्यान्माको सत्ता सम्हाल्दै आउनुभएका मिन आङ ह्लाइङले निर्वाचित सरकार अपदस्थ गरी सुकीलाई हिरासतमा राख्नुभएको थियो । त्यसयता देश गृहयुद्धको चपेटामा परेको छ । हालै मात्र आफूलाई नागरिक राष्ट्रपतिको भूमिकामा प्रस्तुत गर्दै उहाँले शासनलाई वैधता दिलाउने प्रयास गरिरहेको विश्लेषकहरूको बुझाइ छ ।

थाइल्यान्डका विदेशमन्त्री सिहासाक फुआङ्गकेटकोलले बुधबार नेपिडोमा भएको भेटपछि भिडियो सन्देशमार्फत सुकीको अवस्थाबारे चासो राख्दा म्यान्मा पक्षले उहाँको 'राम्रो हेरचाह भइरहेको' बताएको जानकारी दिनुभयो । थप रूपमा 'केही सकारात्मक कुराहरू सोचिरहेको' भनिएको उल्लेख गर्दै उहाँले यसलाई 'सकारात्मक सङ्केत' का रूपमा लिन सकिने धारणा व्यक्त गर्नुभयो ।

यसैबिच, गत साता म्यान्मा प्रशासनले सुकीका निकट सहयोगी तथा पूर्वराष्ट्रपति विन मिन्टलाई आममाफी दिएको थियो । उक्त कदमलाई केहीले सुधारको सङ्केतका रूपमा लिएका छन् भने धेरै विश्लेषकहरूले यसलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्ने उद्देश्यले गरिएको रणनीतिक चाल ठानेका छन् ।

विन मिन्टको रिहाइसँगै सुकीको मुक्तिका लागि कूटनीतिक दबाब फेरि तीव्र बनेको छ । करिब ८० वर्ष उमेर पुगेकी सुकी पाँच वर्षदेखि हिरासतमा रहँदै आउनुभएको छ र उहाँको परिवारसँग पनि सीमित सम्पर्क मात्रै भएको जनाइएको छ । उहाँमाथि लगाइएका मुद्दाहरूलाई अधिकार समूहहरूले राजनीतिक उद्देश्यले प्रेरित भएको भन्दै आलोचना गर्दै आएका छन् ।

हालै म्यान्माको नयाँ वर्षका अवसरमा दिइएको सामूहिक माफीअन्तर्गत सुकीको २७ वर्षे सजायमा केही कटौती भएको स्रोतहरूले बताएका छन्, तर कति अवधि घटाइएको हो भन्ने स्पष्ट छैन । यद्यपि म्यान्मा प्रशासनले उहाँका मुद्दाहरूलाई अदालतको विषय भन्दै सार्वजनिक टिप्पणी गर्न अस्वीकार गर्दै आएको छ ।

उता, म्यान्मामा सम्पन्न भनिएको पछिल्लो निर्वाचनलाई लोकतन्त्र समर्थकहरूले 'नियन्त्रित र विश्वसनीयताविहीन प्रक्रिया' भन्दै अस्वीकार गरेका छन् । देशका धेरै भूभाग अझै विद्रोही समूहहरूको नियन्त्रणमा रहेका कारण त्यहाँ मतदान हुन सकेको थिएन । सशस्त्र समूहहरूले पनि निर्वाचन अस्वीकार गर्दै सङ्घर्ष जारी राख्ने बताएका छन् ।

# बेलायतमा चुरोटमाथि ऐतिहासिक कडाइ

लन्डन, १० वैशाख (एपी) । बेलायतले भविष्यका पुस्तालाई धूम्रपानबाट जोगाउने लक्ष्यसहित चुरोट खरिदमै दीर्घकालीन प्रतिबन्ध लगाउने ऐतिहासिक विधेयक पारित गरेको छ, जसलाई स्वास्थ्य क्षेत्रमा ठूलो मोडका रूपमा हेरिएको छ । संसद्बाट पारित यस कानुनले अबको पुस्तालाई चुरोटको पहुँचबाट क्रमश: टाढा लैजाने स्पष्ट सङ्केत दिएको छ ।

धूम्रपान नियन्त्रणका लागि दशकौँदेखि चलिरहेको अभियानपछि यो सफलता हासिल भएको भन्दै धूम्रपानविरुद्ध काम गर्ने संस्था 'एक्सन अन स्मोकिङ एन्ड हेल्थ' का प्रमुख कार्यकारी हेजल चिजम्यानले 'धूम्रपानको अन्त्य अब टाढाको लक्ष्य होइन, अपरिहार्य प्रक्रिया बनिसकेको' प्रतिक्रिया दिनुभयो । उहाँले यस कदमलाई सार्वजनिक स्वास्थ्य सुरक्षाका लागि निर्णायक उपलब्धि ठान्नुभएको छ ।

सुर्तीजन्य पदार्थ र भेपसम्बन्धी विधेयकअनुसार डिसेम्बर ३१, २००८ पछि जन्मिएका व्यक्तिहरूलाई जीवनभर चुरोट किन्न नपाउने व्यवस्था गरिनेछ । यसले हालको उमेर-आधारित सीमा हटाएर हरेक वर्ष न्यूनतम उमेर बढाउँदै लैजाने प्रणाली लागू गर्नेछ, जसका कारण अहिलेका किशोर-किशोरीहरू भविष्यमा पनि चुरोट खरिद गर्नबाट वञ्चित रहनेछन् ।

कानुन प्रभावकारी हुनुअघि बेलायती राजा चार्ल्स तृतीयको औपचारिक स्वीकृति आवश्यक रहनेछ, जुन सामान्यतया औपचारिक प्रक्रिया मात्र मानिन्छ । त्यसपछि सरकारले सुर्तीजन्य पदार्थ, भेपिङ उपकरण र निकोटिनजन्य उत्पादनहरूको स्वाद, प्याकेजिङ र वितरणमा कडा नियमन लागू गर्न सक्नेछ ।

हाल बेलायतमा १८ वर्षभन्दा कम उमेरकालाई चुरोट, सुर्तीजन्य वस्तु वा भेप बेच्न प्रतिबन्ध छ । तर नयाँ कानुनले यस व्यवस्थालाई अझ कठोर बनाउँदै दीर्घकालीन रूपमा धूम्रपानको अन्त्यतर्फ उन्मुख गरेको छ । यही कारणले बेलायत अब विश्वकै सबैभन्दा कडा धूम्रपान नियन्त्रण नीति अपनाउने देशमध्ये एक बनेको छ ।

यसअघि सन् २०२२ मा न्युजिल्यान्डले पनि यस्तै प्रकृतिको कानुन ल्याएको थियो, तर पछिल्लो सरकारले त्यसलाई खारेज गरेको थियो । बेलायतको कदम भने दीर्घकालीन नीतिगत प्रतिबद्धताको रूपमा प्रस्तुत गरिएको छ ।

आँकडाअनुसार सन् १९७० को दशकयता बेलायतमा धूम्रपान गर्नेहरूको सङ्ख्या करिब दुई तिहाइले घटिसकेको छ । तर अझै करिब ६४ लाख मानिस, अर्थात् कुल जनसङ्ख्याको झन्डै १३ प्रतिशतले धूम्रपान गरिरहेका छन् । सरकारी तथ्याङ्कले हरेक वर्ष करिब ८० हजार जनाको मृत्यु धूम्रपानका कारण हुने देखाएको छ, जसले यसलाई मृत्यु, अशक्तता र खराब स्वास्थ्यको सबैभन्दा ठूलो रोकथामयोग्य कारण बनाएको छ ।

स्वास्थ्यमन्त्री वेस स्ट्रिटिङले नयाँ कानुनले बेलायतका बालबालिकालाई 'पहिलो धूम्रपान-मुक्त पुस्ता' बनाउने विश्वास व्यक्त गर्नुभयो । उहाँका अनुसार यसले भावी पुस्तालाई जीवनभरको लत र त्यसबाट हुने गम्भीर स्वास्थ्य जोखिमबाट जोगाउनेछ ।

# हलिया मुक्ति घोषणाको १८ वर्षः ‘व्यवस्था फेरियो, अवस्था उस्तै’

सुशील दर्नाल

काठमाडौँ, १० वैशाख । अछाम जिल्लाको साँफेबगर नगरपालिका-४ स्थित साँफे बगरका तारा आउजी अहिले पनि हलिया बस्नुभएको छ । आफ्नो बाबुबाजेले कुनै बेला साहुसँग लिएको ऋण तिर्न नसक्दा ब्याजमा उहाँले मुक्त हलियाको रूपमा काम गर्दै आउनुभएको हो । तर उहाँसँग मुक्त हलियाको परिचय पत्र नै छैन । सरकारले पुन:स्थापनाका लागि लागत लिने क्रममा आउजीलाई छुटायो ।

साफेबगर-४ मा आउजी जस्तै २०/२५ घर गणनामै छुटेका छन् । सोही ठाउँका दिनेश लुहार मष्टामाडौँ निवासी झपट कुँवरको घरमा हलिया बसेको वर्षौं भयो तर उनको पनि परिचयपत्र बनेको छैन । सुरेन्द्र भूल अर्का हलिया हुन् । सात/आठ बोरा धान र तीन/चार बोरा गहुँ लिने शर्तमा पुस्तौंदेखि स्थानीय ध्रुब कुँवरको घरमा अलि बस्दै आएका सुरेन्द्र भूलको नाममा पनि परिचयपत्र बसेको छैन ।

त्यसैगरी बझाङ जिल्लाको थलारा गाउँपालिका-३ स्थित दिपिलका जोगी नेपालीले गरिबीका कारण स्थानीय हरिसिंह रावलबाट १२ हजार ऋण लिएपछि २० वर्षदेखि हलिया बस्नु पर्‍यो । स्थानीय मधुरा कामीले भन्नुभयो, “मेरो न घर छ, न त जग्गा छ, म छूट हलियामा छु, तर सहयोग गर्ने केही छैन ।” यो बस्तीका दलित समुदाय अहिले पनि पुरानै हिसाबले हलिया बसेका छन् । उहाँहरू केही उदाहरण मात्रै हो ।

कर्णालीका रुकुम (पश्चिम भाग), सल्यान, डोल्पा, जुम्ला, मुगु, कालिकोट र दैलेख गरी सात जिल्ला र सुदूरपश्चिम प्रदेशका बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलाली गरी नौ वटै जिल्लाका करिब १९ हजार हलिया सरकारले लिएको लगत सङ्कलनमै छुटेका छन् । सरकारले मुक्त हलिया घोषणापछि पुन:स्थापन नगर्दा अहिले पनि सुदूरपश्चम र कर्णालीका कतिपय स्थानमा हलि नै बस्न बाध्य छन् । कृषि बधुँवा मजदुरका रूपमा काम गरिनै रहेका छन् ।

वर्षौं पहिला साहुँसँग लिएको पुस्तौनी ऋणको ब्याज स्वरूप पुस्तौंसम्म साहुको हलो जोत्दै (बाँधा मजदुर) आएका छन् । उनीहरूले मानव अधिकार र सामाजिक न्यायको प्रत्याभुति गर्न पाएका छैनन् । आफ्नो अस्तित्व र जीविकाको लागि भूमिहीन श्रमिक किसानको जमिन्दारमाथि निर्भर छन् । ऋण र जमिन नै भूदासलाई जमिन्दारको जमिनसित बाँधिराख्ने मुख्य साधन बनेका छन् । अहिलेपनि जमिन्दारले आफ्नो सम्पूर्ण खेतीपातीको र अन्य घरेलु आवश्यकताको बखत बिनाझन्झट श्रमिकमा लगाइरहेका छन् ।

बिना पारिश्रमिक सित्तैमा हलो जोताइरहेका छन् । श्रमिक किसानले ऋणको ब्याज, जमिनको भाडा वा खाने अन्नको मूल्य तिर्नुपर्ने बाध्यताबाट मुक्त हुने आशामा बँधुवा बनिरहेका छन् । भूमिहीन भएकै नाममा बँधुवा श्रमिकका रूपमा जमिन्दारको जमिनसित पुरापुर बाँधिएका छन् । उनीहरूलाई जमिन्दारको स्वीकृतिबिना त्यो जमिनमा बाहेक अन्यत्र काम गर्ने व्यक्तिगत स्वतन्त्रता छैन ।


देश लोकतान्त्रिक गणतन्त्रमा छ तर देशको एउटा समूहले बाँधाको जीवन बाचिरहेको छ । हलिया प्रथा: सामन्तवादी भूदास प्रथाकै एउटा रूप जीवित छ । हलि प्रथा लोकतान्त्रिक गणतन्त्रको अनुहारमा कुरूप दाग भएर रहेको छ । यसले समाजवादको मुख्य सिद्धान्त सामाजिक न्याय, समतामूलक विकास र समावेशिताको धज्जी उडाएको छ । उच्च जात र जातितन्त्रसँग पनि जोडिएको यो प्रथा सम्पन्न र कथित ‘ठूलो जात’ का मानिस वा जमिन्दारले आफ्नो जमिन आफैँ नजोत्ने, आफ्नो खेतबारीमा कृषि उत्पादनका लागि आफूले श्रम नगर्ने, आफ्नो घरको काम पनि आफूले नगर्ने संस्कृति र सामाजिक प्रणाली कायमै छ ।

नेपालको हलियाजस्तै युरोपमा सामन्ती भूदास प्रथा १९ सौं शताब्दीको मध्यतिरबाट समाप्त भइसकेको छ । एसियाली मुलुकमध्ये चीनमा सन् १९४९ को जनवादी क्रान्तिपछि प्रारम्भ गरिएको भूमिसुधार कार्यक्रमले सामन्ती भूदास प्रथालाई हटाएको थियो । रुसमा त्यहाँका जार अलेक्जेण्डर दोस्रोको पहलबाट सन् १८६१ मा आएर यस्तो भुदास प्रथा समाप्त पार्ने पहल थालिएको थियो । तर, नेपालमा आजको २१औं शताब्दीमा पनि सोही प्रकृतिको हलिया प्रथा कायम छ । सरकारले हलिया मुक्तिको घोषणा गरेको १८ वर्ष हुँदा पनि मुक्त हुन सकेको छैन । घोषणा भएको १८ वर्ष हुँदा पनि समस्या ज्यूँका त्यूँ

हलियाहरूको लामो सङ्घर्षपछि सरकारले २०६५ भदौ २१ गते हलिया मुक्तिको घोषणा गर्‍यो । त्यसपछि सरकारले १६ हजार ३२२ हलिया प्रमाणित गर्‍यो । आर्थिक वर्ष २०६७/६८ देखि नै मुक्त हलिया पुन:स्थापन तथा वृत्ति विकास कार्यक्रमहरू सञ्चालन भयो । यद्यपि, घोषणा भएको पाँच वर्षपछि २०७० सालमा मुक्त हलिया पुन:स्थापनको ढाँचा र कार्ययोजना स्वीकृत सरकारको तथ्याङ्कअनुसार पुन:स्थापना सुरु भएको लामो समय वर्ष बितिसक्दा पनि १६ हजार ३२२ मध्ये अझै दुई हजार ३६७ प्रमाणित हलिया परिवारले परिचय पत्र नै पाउन सकेका छैनन् । परिचयपत्र पाएकामध्ये पनि एक हजार १३५ ले पुन:स्थापनाको प्याकेज पाउन सकेका छैनन् । यसरी हेर्दा अन्तिम प्रमाणीकरण भएका १६ हजार ३२२ कुल हलिया परिवारमध्ये ८५ प्रतिशत (१३ हजार ९५५ हलिया परिवार) ले मात्र परिचयपत्र प्राप्त गरेको र ७८ प्रतिशतले मात्र पुन:स्थापनाको प्याकेज पाएको देखिन्छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार हलियाको परिचयपत्रको वर्गीकरणको प्रवृत्ति हेर्दा १२ प्रतिशतले ‘क’ वर्गको परिचयपत्र दिएको देखिन्छ । त्यसैगरी २७ प्रतिशतले ‘ख’ वर्गको, ५ प्रतिशतले ‘ग’ वर्गको र ५६ प्रतिशतले ‘घ’ वर्गको परिचयपत्र पाएका छन् । २०७० जेठदेखि २०७६ वैशाखसम्मको छ वर्षमा वर्गीकरण मुताबिक एक हजार ६०१ हलिया परिवारको लागि जग्गा किन्ने काम भएको सरकारी तथ्याङ्क छ, दुई हजार २०३ घर निर्माण भएको देखिएको छ । आठ हजार ४२७ घर मर्मत भएका छन् । राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालको यो तथ्याङ्क भने फरक छ ।

राज्यले बँधुवा श्रमिकका रूपमा काम गरिरहेका मुक्त हलियाहरूको मुक्तिको घोषणासँगै सबै प्रकारका विभेद् तथा शोषणहरूको अन्त्य, न्यायिक पुन:स्थापना, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक अधिकारको सुनिश्चित गरी मुलप्रवाहमा ल्याउने भने पनि त्यसको पूर्ण कार्यान्वयन हुन नसकेको राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालको भनाइ छ । महासङ्घका



उपाध्यक्ष पर्वत सुनारले सरकारले पुन:स्थापनाको नाममा केही जग्गा/जमिनको व्यवस्था गरे पनि उनीहरूको रोजगारी, शिक्षा, स्वास्थ्य वा अन्य आयआर्जनका कार्यक्रम नभएको बताउनुभयो ।

नेपाल सरकार र हलिया महासङ्घबिच २०६५ सालमा भएको पाँचबुँदे सहमति अनुसार पुन:स्थापना नभएको उहाँको भनाइ छ । सुदूरपश्चिम र कर्णाली प्रदेशमा रहेका मुक्त हलियाहरूको आधारभूत मात्रामा पुन:स्थापना कार्य आजसम्म पनि सम्पन्न हुन नसकेको राष्ट्रिय मुक्ति हलिय समाज महासङ्घ नेपालका अध्यक्ष ईश्वर सुनारको भनाइ छ । सरकारले २०७८ सालमा गठन गरेको ‘मुक्त कमैया, कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति’ को प्रतिवेदनले ‘हलियाको वर्गिकरण एकदमै अवैज्ञानिक र त्रुटिपूर्ण ढङ्गले भएको देखिन्छ’ भनेको छ ।

प्रतिवेदनले भनेको छ, ‘कमैयाको वर्गीकरणलाई नक्कल गर्न खोज्दा यस्तो हुन गएको देखिन्छ, आफ्नो स्वामित्वमा घर र जग्गा भएको व्यक्ति हलिया नै हुँदैनन्, जग्गा त भएको तर त्यसले आवश्यकता र औचित्य नै देखिँदैन, जग्गा त भएको तर त्यसले कति महिना खान पुग्छ भन्ने आधारमा ‘ख’ र ‘ग’ को वर्गीकरण हुनुपर्ने हो, तर त्यसो गरिएको देखिँदैन ।’

यसबिचमा सरकारले सरकारले ‘मुक्त हलिया पुन:स्थापन समस्या समाधान समिति’, ‘मुक्त हलिया पुन:स्थापन समन्वय समिति’ पुन:स्थापना कार्यान्वयनका लागि जिल्लामा ‘मुक्त हलिया पुन:स्थापन जिल्ला समिति’ को पनि गठन गरेर हलिया समस्या समाधान गर्नै खोजेको देखिन्छ । २०६८ सालमा ‘मुक्त हलिया पुन:स्थापना तथा अनुगमन कार्यदल’ गठन भएको थियो । सरकारले पछिल्लो पटक २०७८ सालमा गठन गरेको ‘मुक्त कमैया, कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति’ ले पहिलो नम्बरमा छुट हलियाको लगत सङ्कलन गर्नुपर्ने सुझाव दिएको छ ।

सरकार र दलको प्रतिबद्दता : प्रतिबद्धतामै सीमित

नेकपा (एमाले) ले २०७९ को घोषणापत्रमा ‘कुनै पनि नेपाली नागरिक आवासविहीन अवस्थामा रहनु पर्ने छैन’ भनि ग्यारेन्टी गर्ने प्रतिवद्धता व्यक्त गरेको थियो । २०८१ सालमा एमालेका अध्यक्ष केपी शर्मा ओली शर्मा नेतृत्वको सरकारले ‘भूमिमा किसानको सहज पहुँच स्थापित गर्न भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत सही सदुपयोग गर्न र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने’ साझा सङ्कल्प गरे पनि कार्यान्वयन हुन सकेन । त्यसैगरी सुकुम्वासी, हलिया र पुस्तौंदेखि गुठी जग्गा कमाइरहेका किसान र श्रमिकका समस्या समाधान गर्ने पनि एमाले नेतृत्वको सरकारको सङ्कल्प थियो ।

नेपाली काङ्ग्रेसले २०८२ सालको निर्वाचनको आफ्नो घोषणा पत्रमा ‘विपन्न, दलित तथा पिछडिएका समुदाय लक्षित सुरक्षित आवासलाई अभियानको रूपमा सञ्चालन गरी पाँच वर्षभित्र घरविहीन अवस्थाबाट सबै नेपालीलाई मुक्त गर्छौं’ भनेको छ । तर, यो पार्टीले हलिया समुदायको समस्या समाधान गर्न हपलसमेत गरेको देखिँदैन । नेकपा ( माओवादी केन्द्र) ले पनि २०७९ सालको चुनावी घोषणा पत्रमा सुकुम्बासी र हलियाको समस्या समाधान गर्ने भनेको थियो । तर, चुनावलगत्तै प्रधानमन्त्री बन्नुभएको माओवादी अध्यक्ष पुष्पकमल दाहालले पनि यो समस्या समाधान गर्न सक्नुभएन ।

वर्तमान सरकारले गत चैत्र १३ गते सार्वजनिक गरेको ‘शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची’ मा देशभरका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत सङ्कलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने र भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या एक हजार दिनभित्र समाधान गर्न स्थानीय तहको समन्वयमा घर परिवार सर्वेक्षण सञ्चालन गर्ने भनेको छ । एक हजार दिनभित्र पहिचान भएका वास्तविक सुकुम्बासीलाई चरणबद्ध रूपमा जग्गा उपलब्ध गराउने वा घना शहरी क्षेत्रमा वैकल्पिक रूपमा एकीकृत आवासमार्फत पुनर्वासको व्यवस्था मिलाउनेपनि सरकारको योजना छ ।

संविधानमा छ, कार्यान्वयन छैन

नेपालको संविधानले सबै खालको बाध्यकारी श्रमलाई निषेध गरेको छ । संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्ने हकसम्बन्धी मौलिक हकको पहिलो दफाले नै ‘प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक’ प्रदान गरेको छ । संविधानको धारा २४ ले हरेक नागरिकलाई जातीय छुवाछूतविरुद्धको हक प्रदान गरेको थियो तर हलियामध्ये अधिकांशले आफू दलित श्रमिक हुनुको नाताले कार्यस्थलमा छुवाछूत ब्यहोरिरहेका छन् ।

संविधानको धारा २९ ले हरेक नागरिकलाई शोषणविरुद्धको हक प्रदान गरेको छ । त्यसको उपधारा ३ ले कसैलाई पनि ‘दास वा बाँधा बनाउन पाइने छैन’ भनेर प्रष्ट रूपमा लेखेको छ । उपधारा ५ ले कसैले पनि बाँधा श्रमिक राखेमा त्यो दण्डनीय हुनेछ र पीडितले पीडकबाट क्षतिपूर्तिसमेत पाउने भनेर उल्लेख गरेको छ । तर, हलियाहरू एक्काइसौँ शताब्दीमा पनि ऋणको ब्याज, साहुको जमिन वा जमिनमा झुप्रो बनाएबापत वा थोरै अन्न पाएबापत बाँधा श्रमिकको रूपमा कथित ‘मालिक’ कहाँ काम गरिरहेका छन् ।

संविधानको धारा ४० (उपधारा ५) ले राज्यले ‘भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्ने’ तथा (उपधारा ६) ले ‘आवासविहीन दलितलाई बसोबासको प्रबन्ध गर्नुपर्ने’ उल्लेख गरेको छ । हलियामध्ये ९७ प्रतिशत दलित समुदाय रहेको राष्ट्रिय दलित नेटवर्क ( आरडिएन) को तथ्याङ्क छ । आरडिएनका अनुसार हलियामध्ये ८९ प्रतिशत भूमिहीन र ३६ प्रतिशत हलिया आवासविहीन छन् । संविधानको धारा ५१ ले पनि ‘मुक्त कमैया, कम्लहरी, हरवाचरवा, हलिया, भूमिहीन, सुकुम्बासीको पहिचान गरी बसोबासको लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुन:स्थापना गर्ने’ विषय प्रष्टसँग भनेको छ ।

मुक्त हलियाको पुन:स्थापनासँगै शिक्षा, स्वास्थ्य, रोजगारी, दिगो जीविकोपार्जन, सामाजिक सशक्तीकरण, समावेशीकरणसम्बन्धी मुद्दालाई सरकारले विशेष प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने महासङ्घका अध्यक्ष सुनारको भनाइ छ । सांसद तथा मुक्त हलिया आन्दोलनका अगुवा गणेश विकले भन्नुभयो, “कानुनी रूपमा कमैया र हरूवाचरुवाको हल गर्ने जिम्मा सङ्घीय सरकारलाई भए पनि हलिया समस्या समाधान भइसक्यो भनेर हलियासम्बन्धी काम गर्ने विभाग नै बन्द गरिदियो, १५ हजारभन्दा बढी गणनामै छैनन्, सरकारले २०७६ सालदेखि हलियाको लागि बजेट पनि छुट्याएको छैन ।” छुटेका हलियाको तथ्याङ्क वडा कार्यालयले लिनुपर्ने उहाँको भनाइ छ । त्यही अनसार जग्गाको लागि हो भने भूमि आयोगलाई र पुन:स्थापनाको लागि हो भने सरकारलाई सिफारिस गर्नुपर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “भूमि आयोगले अलियालाई जग्गा लिए पनि शिक्षा, रोजगारीलगायत पुन:स्थापनाको काम सरकारले गर्नुपर्छ ।” हलिया अधिकारकर्मी डण्डीकुमार विक बिनाआधार हचुवाको भरमा सरकारले हलियाको समस्या समाधान भयो भन्नु मुक्त हलियामाथि ठूलो अन्याय भएको बताउनुहुन्छ ।

अब के गर्ने ?

संविधानले समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको सङ्कल्प पूरा गर्न मुक्त हलियालाई व्यवहारिक रूपमा पुन:स्थापना गर्न सरकारले दीर्घकालीन समाधान खोज्नुपर्छ । मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूति दिन, राजनीतिक परिवर्तन, लोकतन्त्र र गणतन्त्रको अनुभूति दिलाउन हलियाको समस्याको समस्या समाधान गर्नुपर्ने देखिन्छ ।

दिगो विकास लक्ष्य हासिल गर्न, संविधानले सुनिश्चित गरेका मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न पनि हलिया प्रथा हटाउनुपर्छ । त्यसको लागि सरकारले सबैभन्दा पहिला छुटेका हलियाको लगत सङ्कलन गर्न जरुरी छ । ऋण खारेजी र मुक्तिको घोषणा गर्दै गाँस र बासको लागि जमिनको व्यवस्था, उच्च र व्यावसायिक शिक्षामा पहुँच र आधारभूत स्वास्थ्यमा पहुँच हुन आवश्यक छ । ***(रासस)***

---

***विद्यार्थी....***

आउने बेला माथिल्लो कर्णाली नदीको ठेक्का भारतलाई दिएका थिए । जाँदाजाँदै उनले अमेरिकालाई एमसीसी सम्झौता चढाएका थिए । पुरानै अर्थनीतिमा हिँडिरहेका ‘नयाँ’ र ‘युवा’ नेताले के विदेशभक्तिको परम्परा तोड्न सक्लान् ? विदेशीको चाकडी नगरी आत्मनिर्भर अर्थतन्त्र बनाउने टङ्कप्रसादहरूको जस्तो राजनीतिक इच्छाशक्ति देखाउन सक्लान् ?

**रोकिने छैनन् विद्यार्थीहरू**

पछिल्लो समय विद्यार्थी आन्दोलन सुस्त थियो । यसै पनि गरिबगुरुवाका छोराछोरी पढ्ने क्याम्पसहरूमा मात्र विद्यार्थी सङ्गठन सक्रिय थिए । निजी कलेज वा क्याम्पसहरूमा तिनको प्रभाव लगभग थिएन भन्दा हुन्छ । ‘नयाँ’ सरकारले गरिबका छोराछोरीलाई तारो बनाएको देखिन्छ । उसका ‘नयाँ’ विद्यार्थीले ‘क्लव र काउन्सिल’ को राजनीति गर्नेछन् ।

देशको प्रगतिशील परम्परालाई अघि बढाउन चाहने विद्यार्थीहरूले कुनै न कुनै उपाय निकाल्ने नै छन् । आज देशको नयाँ पुस्ता हेमलिनको बाँसुरीवादकको पछि लागेको साँचो हो । समय लाग्ला । तर, विद्यार्थीले आफ्नो राजनीतिक चेत तिखार्ने नै छन् । आफूलाई देशको सार्वभौमिकता र बहुमत जनतासँग जोड्नेछन् । देशका सारा प्राकृतिक सम्पदाको मालिक बन्न चाहनेछन् । निषेधको राजनीतिलाई उदात्त राजनीतिले विस्थापित गर्नेछन् । विद्यार्थीहरूको चेतनालाई कुण्ठित गर्न सकिनेछैन ।

विद्यार्थीहरूको राजनीतिक आवाज दबाउन देशविदेशका शासकहरूले धेरै प्रयास गर्दै आए । हिजो राणा शासनको विरोध गर्दा शासकहरूको टाउको दुख्यो । दिल्ली सम्झौताको विरोध गर्दा भारतको टाउको दुख्यो । पञ्चायतको विरोध गर्दा पञ्चेहरूको टाउको दुख्यो । नवउदारवादको विरोध गर्दा एमाले-काङ्ग्रेस-माओवादीको टाउको दुख्यो । एमसीसीको विरोध गर्दा रास्वपाको टाउको नदुखेको भन्न मिल्दैन । आज नाथे भ्रष्टाचारको अन्त्य गर्ने बहानामा बनेको सरकारको पनि टाउको दुख्दै छ भने सिलसिला सबैले बुझ्ने हुन्छ । आज नेपालका सचेत विद्यार्थीहरूको एउटै आवाज छ- विद्यार्थी सङ्गठन खारेज गर्नुअघि विदेशी ‘काउन्सिलहरू’ बन्द गर्ने आँट छ ?

छैन भने विद्यार्थीको रगतमाथि बनेको सरकारले स्वदेशी विद्यार्थी राजनीतिमाथि लौरो बजारेर विदेशी दूतावासलाई ‘भ्रातृ सङ्गठन’ चलाउन दिने प्रम बालेनको निर्णयलाई नेपाली इतिहासले बिर्सनेछैन ।

# जुम्लाका गाउँहरूमा अन्तरक्रिया कार्यक्रम

जुम्ला, १० वैशाख । नेमकिपा कनकासुन्दरी गाउँपालिका वडा नं. ६ एकाइ समितिको आयोजनामा पार्टी प्रकाशन र हालै बसेको नेमकिपाको केन्द्रीय समितिको निर्णयबारे बिहीबार अन्तरक्रिया कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्ली काफ्लेले व्यक्तित्व विकास गर्न र हरेक विषयमा निपुण हुन पार्टी प्रकाशनको अध्ययन गरिरहनुपर्नेमा जोड दिँदै नेमकिपाले देश र जनताको पक्षमा इमानदारीपूर्वक काम गरिरहेको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष माधव काफ्लेको सभापतित्वमा भएको सो भेलामा गजेन्द्रबहादुर कार्की, गोर्खबहादुर शाही, जनक शाही र अकिलबहादुर शाहीले देशको समस्याबारे चर्चा गर्दै सिद्धान्त र विचार नबोकेको दलले देशलाई मार्ग निर्देश गर्न नसक्ने बताउनुभयो ।

त्यस्तै सोही दिन तिला गाउँपालिका समितिको आयोजनामा पनि एक अन्तरक्रिया कर्यक्रम भयो ।

जिल्ला पार्टी समितिका सदस्य मुनिनाथ योगीको सभापतित्वमा भएको सो कार्यक्रममा पार्टी सभापति पूर्णलाल खत्रीले समाजवादी व्यवस्थामा मात्र समानता र रोजीरोटीको व्यवस्था हुने विचार व्यक्त गर्नुभयो ।

जिल्ला समिति सदस्य मानबहादुर बोहरा र नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समितिका अध्यक्ष हर्षबहादुर बोहराले राष्ट्रिय र अन्तर्राष्ट्रिय मजदुर आन्दोलनबारे चर्चा गर्दै मजदुरको हक अधिकारको निम्ति सङ्घर्ष गरिरहनुपर्ने बताउनुभयो ।

हार्दिक समवेदना



जन्म
२०००/०८/१४

निधन
२०८२/१२/२९

हाम्रा यस प्रा.लि.का अध्यक्ष रवीन्द्रकुमार श्रेष्ठकी ममतामयी माता **गीता श्रेष्ठ**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

भक्तपुर ह्यान्डिक्राफट् प्रा.लि. परिवार
बोलाछैं, भ.न.पा.-४, भक्तपुर

# युक्रेनद्वारा तेल प्रशोधन केन्द्रमा हमलापछि रुसमा विषाक्त वायु वर्षा, स्थानीयलाई घरमै बस्न आदेश

मस्को, १० वैशाख (एएफपी) । युक्रेनले सोमबार रुसको दक्षिणी सहर तुआप्सेको तेल प्रशोधन केन्द्रमा आक्रमण गरेपछि भएको ठुलो आगलागीका कारण रुसको तटीय सहरको आकाशमा कालो धुवाँको बाक्लो मुस्लो जम्मा भएको रुसी अधिकारीले बताएका छन् ।

रुसले यसै हप्ताको सुरुमा युक्रेनले 'ब्ल्याक सी' क्षेत्रको पेट्रोलियम पदार्थ प्रशोधन केन्द्रमा गरेको आक्रमणपछि दन्किएको आगो निभाउन सङ्घर्ष गरिरहेको स्थानीय अधिकारीहरूले बिहीबार एएफपीलाई बताएका छन् ।

"तुआप्से तेल प्रशोधन केन्द्रमा चारवटा भण्डारण ट्याङ्कीमा आगलागी भएको छ र आगलागी अझै जारी छ," क्षेत्रीय आपत्कालीन मुख्यालयले बिहीबार एएफपीलाई जानकारी गराएको छ ।

आगोले बुधबार विषाक्त वर्षा निम्त्याएको थियो । "हावामा विषाक्त कणहरूको एकाग्रताका कारण वायु प्रदुषणको मात्रा 'दुई देखि तीन गुणा' वृद्धि भएको थियो," अधिकारीहरूले बताए ।




अधिकारीहरूका अनुसार विषाक्त ध्वाँसोको वर्षाले तटीय क्षेत्रका वस्तीहरूमा सतहमा कालोपन देखिएको छ ।

स्थानीयहरूले सामाजिक सञ्जालमा सार्वजनिक गरेका अपुष्ट तस्बिरहरूमा सहरमा ठुलो कालो बादल, समुद्र र समुद्री तटमा तेल पोखिएको र किनारमा मरेका माछा र चराचुरुङ्गीहरू रहेका देख्न सकिन्छ ।

छाडा कुकुर र बिरालाहरूको शरीरको रौंहरू कालो अवशेषले ढाकिएको चित्रित गरिएको थियो, र साना कालो दागहरूले भरिएका कारहरू पार्क गरिएका थिए ।

सहरका अधिकारीहरूले बुधबार बासिन्दाहरूलाई झ्यालहरू बन्द गर्न, बाहिरी गतिविधिहरू सीमित गर्न र बाहिर जान आवश्यक छ भने अनुहार मास्क लगाउन चेतावनी दिएका छन् ।

छुट्टी मनाउनेहरूको बिचमा लोकप्रिय दक्षिणी रुसी सहर तुप्से युक्रेनको निशानामा धेरै पटक परेको छ ।

किएभले हालैका हप्ताहरूमा सी ऊर्जा निर्यातबाट रूसको राजस्वलाई प्रभावित पार्न खोज्दै सेनाको लागि कोषको एक प्रमुख स्रोत मानिने रुसी तेल भर्ने बन्दरगाहहरूमा आक्रमण बढाएको छ ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

आयव्यय विवरणसम्बन्धी सूचना

भक्तपुर नगरपालिका कार्यालयको २०८२ चैत महिनासम्मको आयतर्फ रू. १,२८,३०,७६,८६२।९० र व्ययतर्फ रू. १,१६,२१,६३,६३१।५० रहेको छ ।

*चीनद्वारा....*

सैन्यवादले आक्रामक युद्ध सुरु गरेर एसियाका जनतामा विनाश ल्यायो । हाल जापानको 'नयाँ सैन्यवाद' पुरानै बाटोमा फर्किएको छ । यो वास्तविक खतराको सामना गर्दा, अन्तर्राष्ट्रिय जगत चुप लाग्नु हुँदैन र बेवास्ता गर्नुहुँदैन । जिम्मेवार ठुलो देशको रूपमा, चीनसँग राष्ट्रिय सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने दृढ इच्छाशक्ति, पूर्ण विश्वास र पर्याप्त क्षमता छ । यदि जापानले पछुतो नगरी अडिग भएमा चीनले थाइवान जल डमरू मामिलामा हस्तक्षेप गर्ने कुनै पनि प्रयासलाई दृढतापूर्वक नष्ट गर्न र क्षेत्रीय शान्ति र स्थिरताको रक्षा गर्न सबै आवश्यक उपाय अपनाउनेछ ।

*विवादास्पद....*

यस दफाबमोजिम स्थापना हुने बीमा कम्पनीको चुक्ता पुँजीको १५ प्रतिशतभन्दा बढी हुने गरी शेयर लगानी गर्न सक्ने छैन ।

तर, लघुबीमा कम्पनीहरूमा प्रत्यक्ष रूपमै १५ प्रतिशतभन्दा बढी शेयर लगानी देखिँदा पनि छानबिन अघि बढेको छैन । जस्तै, उदाहरणका लागि लिबर्टी माइक्रो इन्स्योरेन्समा लाङटाङ इन्भेष्टमेन्ट र पाल्दोर इन्भेष्टमेन्टको समान २१.४३ प्रतिशतका दरले लगानी भएको यसको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनमा खुल्छ । त्यस्तै, स्टार माइक्रो इन्स्योरेन्समा लोबुचे इन्भेष्टमेन्ट र घान्द्रुक इन्भेष्टमेन्टको समान २१.४ प्रतिशतका दरले लगानी भएको इक्रा नेपालको अक्टोबर १६, २०२५ मा प्रकाशित क्रेडिट रेटिङ विवरणपत्रमा उल्लेख छ ।

बीमा ऐन २०७९ अनुसार एकै किसिमको व्यवसाय गर्ने कम्पनीमा प्रतिहिस्सेदारी (क्रसहोल्डिङ) गर्न मिल्दैन । तर, शङ्कर समूहसहितका कयौँ व्यवसायीले कयौँ कम्पनीमा प्रतिहिस्सेदारी हुने गरी आधारभूत शेयरधनीका रूपमा शेयर लगानी गरेका छन् । उदाहरणका लागि, हिमालयन लाइफ इन्स्योरेन्समा यो समूहका साहिल अग्रवाल र सुलभ अग्रवालसहित शेखर गोल्छा, लक्ष्मी बैङ्क लगायत आधारभूत शेयरधनी हुन् । तर, उनीहरूको लघु बीमा कम्पनीहरूमा पनि प्रतिहिस्सेदारी हुने गरी लगानी छ । गार्डियन माइक्रो इन्स्योरेन्स कम्पनीमा शङ्कर समूहका अध्यक्ष शङ्करलाल अग्रवालको स्वामित्वको एसजी फिनकर्पको १५ प्रतिशत शेयर लगानी छ । नेपाल माइक्रो इन्स्योरेन्समा शङ्करलालका छोरा साहिलको कम्पनी सेन्ट्रल क्यापिटलको ९.७६ प्रतिशत र सारथी क्यापिटलको १४.८६ प्रतिशत लगानी छ । सारथी क्यापिटल सुभी अग्रवालको नाममा दर्ता छ । शर्मा र गुरुङलाई पटक-पटक फोन गर्दा पनि सम्पर्कमा आएनन् ।

***- हिमाल खबर डटकमबाट***

सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

अनिवार्य शिक्षा शिविरसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा **अनिवार्य शिक्षा शिविर** सञ्चालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

कार्यक्रम
**मिति** : २०८३ वैशाख १९ गते, शनिबार
**समय** : बिहान ७:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

शिक्षा उपसमिति

अन्तरक्रिया कार्यक्रमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने **वित्तीय साक्षरता तथा वर्तमान सहकारीसम्बन्धी अन्तरक्रिया कार्यक्रममा** सहभागी हुन इच्छुक सम्पूर्ण सदस्यहरूलाई **मिति २०८३ वैशाख १७ गतेभित्र** आफ्नो नाम दर्ता गराउन सूचित गराइन्छ ।

कार्यक्रम
**मिति** : २०८३ वैशाख १९ गते, शनिबार
**समय** : बिहान १०:३० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

बचत उपसमिति

४५ दिने चित्रकला तालिमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा **४५ दिने चित्रकला तालिम** हुने जानकारी गराउँदै सहभागी हुन इच्छुक सदस्यहरूलाई संस्थाको कार्यालयमा नाम दर्ता गराउन अनुरोध छ ।

तालिम
**मिति** : २०८३ वैशाख १३ गतेदेखि
**समय** : बिहान ६:३० बजे
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु.५००।- प्रतिव्यक्ति

**पुनश्च** : तालिममा कक्षा २ देखि ९ का विद्यार्थीहरू बढीमा २० जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।

महिला तथा बालबालिका उपसमिति


'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा-७,चोर्चा,भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५ Website : www.sgsaccos.com.np, E-mail :sgsaccos@hotmail.com
ACCESS BRONZE

शान्ति र सद्भाव कायम गरौं।

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिंडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना



जन्म
२०००/०८/१४

स्वर्गारोहण
२०८२/१२/२९

भक्तपुर पर्यटन विकास समितिका महासचिव रवीन्द्र श्रेष्ठकी ममतामयी माता **गीता श्रेष्ठ**को असामयिक निधनले हामी अत्यन्त दु:खित एवम् मर्माहत भएका छौं । दु:खको यस घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

भक्तपुर पर्यटन विकास समिति परिवार
भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा